# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १८९ | काठमाडौं | आइतबार, २३ कात्तिक २०८२ | Prabhab National Daily | Sunday, 09 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com


अस्थिर मधेश प्रदेश

## २५ दिनमै ढल्यो सोनाल नेतृत्वको सरकार



- सत्ता सहयात्री दलहरूले विश्वासको मत नदिने भएपछि मधेसका मुख्यमन्त्री जितेन्द्र सोनालले दिए राजीनामा
- सोनालको सरकार एक महिना पनि टिकेन
- संसद्‌को पहिलो दलको हैसियतमा एमालेलाई सरकार बनाउने बाटो खुला
- नयाँ मुख्यमन्त्रीमा सरोजकुमार यादवको सम्भावना बलियो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मुख्यमन्त्री जितेन्द्र सोनाल नेतृत्वको मधेस प्रदेश सरकार २५ दिनमै ढलेको छ । प्रदेशसभाबाट विश्वासको मत नपाउने भएपछि सोनालले शनिबार राजीनामा दिएका हुन् ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बाट उनी गत २९ असोजमा मुख्यमन्त्री नियुक्त भएका थिए । उनले मधेस संसद्मा शनिबार विश्वासको मत लिने कार्यसूची थियो । तर, संसदीय अंकगणित उनको पक्षमा भएन । अर्थात् उनले संसद्मा उनले विश्वासको मत पाउने स्थिति भएन । त्यसपछि पदबाट राजीनामा दिए ।

सत्तारूढ दलकै सांसदहरू उनलाई विश्वासको मत दिन तयार नभएपछि राजीनामा दिएका उनले सञ्चारकर्मीहरूसँग बताए । 'सत्तापक्षका माननीयहरू कोही केही बेरका लागि बाहिर गएका छन्, कोही खाजा खान निस्किएका थिए,' उनले भने, 'त्यो देखेर मैले सभामुखलाई आधा घण्टा रोकेर वातावरण बन्न दिन आग्रह गरेँ । तर, पटक-पटक बेल बजाइ नै राखेपछि राजीनामा दिने निर्णयमा पुगेँ ।'

सोनाललाई उनको दल लोसपासँगै जनता समाजवादी पार्टी, जनमत पार्टी र हालको नेपाली कम्युनिस्ट पार्टीका गरी ५६ सांसदले मुख्यमन्त्रीमा समर्थन गरेका थिए । तर, उनलाई अधिकांश दलका सांसद शनिबार विश्वासको मत दिन तयार भएनन् । यसपछि उनले संघीयता समाप्त पार्ने खेल भइरहेको बताए । लोकतान्त्रिक मूल्यमान्यतालाई आत्मसात नगर्नेहरू प्रदेशसभा नै विघटन गर्नेतर्फ लागिपरेको आरोपसमेत लगाए ।

उनी संविधानको धारा १६८ (२) अन्तर्गत मुख्यमन्त्री नियुक्त भएका थिए । उक्त धारामा दुई वा दुईभन्दा बढी दलको समर्थनमा मुख्यमन्त्री हुन पाउने प्रावधान छ ।

क्रमशः पृष्ठ २ मा

## निजी क्षेत्रले माग्यो निर्वाचनमार्फत स्थायित्व



घुसखोरी, पार्टीगत लेबी र कमिसनको सञ्जाल सह्य छैन, लोकतन्त्रका नाममा लुटतन्त्र हामीलाई स्वीकार्य छैन, इमानदार उद्यमीलाई प्रताडित गर्ने र नीतिगत चलखेल गर्नेहरु पोसिने अवस्था रहनु हुँदैन । उद्योग व्यवसायविना देश बन्दैन, उद्योगीको मनोबल नउठेसम्म अर्थव्यवस्था उठ्न सक्दैन, निजी क्षेत्रको मागलाई सम्बोधन गर्न निरन्तर सहकार्य गरिरहेका छौं ।

■ **सुशीला कार्की**
प्रधानमन्त्री



सरकारले पटक-पटक निजी क्षेत्रसँग छलफल गरिरहेको छ । निजी क्षेत्रमैत्री व्यवहार गर्न सरकार लागिपरेको छ । व्यवसायीलाई कुनै पनि दुःख नदिइकन सेवा दिन सरकार तत्पर छ ।

■ **रामेश्वर खनाल**
अर्थमन्त्री



उच्च मनोबलका साथ काम गर्नुस् । एउटा दुर्घटनाजस्तो भयो । त्यसपछि वैधानिक सरकार बनेको छ, यो अवसरलाई तपाईहरूले सकारात्मकरूपमा लिएर यसलाई सदुपयोग गर्नुहोला ।

■ **डा. विश्वनाथ पौडेल**
गभर्नर, नेपाल राष्ट्र बैंक



एउटा उद्यमीले जसोतसो जोहो गरेर, सरसापट गरेर, ऋण काडेर लगानी गरेको हुन्छ, राजस्वमा योगदान पुऱ्याएको हुन्छ, रोजगारी सिर्जना गरेको हुन्छ । तर पनि आन्दोलनमा उद्यमी व्यवसायीका शयनकक्षसम्म लुटपाट भएको छ । व्यापार व्यवसायमा आगो लागेको छ । हामी पनि समीक्षा गर्दै छौं हामी कहाँ चुक्यौं । अनि समाज कहाँ चुक्यो ।

■ **चन्द्रप्रसाद ढकाल**
अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** कहिले प्राकृतिक विपद्, कहिले विश्वव्यापी रोगको प्रकोप त कहिले राजनीतिक आन्दोलनको मारमा पर्दै आएको छ, निजी क्षेत्र । पछिल्लोपटक जेन-जी आन्दोलनको क्रममा भएको विध्वंशबाट पनि सिकार हुनपर्‍यो ।

नेपाल उद्योग वाणिज्य महासंघले गरेको प्रारम्भिक सर्वेक्षणअनुसार गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका क्रममा ४८ अर्ब रूपैयाँको भौतिक क्षति भएको र यसबाट निजी क्षेत्रको करिब ८८ अर्ब रूपैयाँबराबार नोक्सानी भएको छ । मुलुकको अर्थतन्त्रको ८१ प्रतिशत हिस्सा ओगट्ने निजी क्षेत्र यसरी प्रभावित भइरहँदा उद्यमी, व्यवसायीहरू पलायन हुने त्रास बढ्दो छ । यसले नयाँ लगानीकर्तालाई समेत निरुत्साहित गरिरहेको अवस्था छ ।




पटक-पटकको आक्रमण र राजनीतिक अस्थिरताका कारण प्रभावित बनेको निजी क्षेत्रले आत्मबल बढाउन सरकारको साथ खोजिरहेको छ । यसैका लागि महासंघले शनिबार 'राष्ट्रिय बृहत् आर्थिक बहस २.०' आयोजना गर्‍यो । बहसमा प्रधानमन्त्री सुशीला कार्की, अर्थमन्त्री रामेश्वर खनाल, गृहमन्त्री ओमप्रकाश अर्याल, मुख्यसचिव एकनारायण अर्याल, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हा, नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेललगायतले सम्बोधन गरे ।

कार्यक्रममा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रको मनोबल बढाउनका लागि विशेष पहल लिन सरकारसँग आग्रह गरे । मुलुकको अर्थतन्त्रमा निजी क्षेत्रको योगदानबारे आमसर्वसाधारणलाई पनि बुझाउनेगरी मन्त्रिपरिषद्बाट सार्वजनिक महत्त्वको प्रस्ताव पारित गर्नसमेत माग गरे ।

'दिगो शान्ति, स्थायित्व र समृद्धिका लागि सबैको प्रयास अहिलेको समयमा आवश्यक छ । यसका लागि सबै राजनीतिक दल, युवा पुस्तालगायत सरोकारवालासँगको संवाद र सहकार्यमा समयमै निर्वाचन हुने वातावरणको सुनिश्चितता हो,' उनले भने, 'सरकारले यसतर्फ प्रयास गरिरहेको पनि छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

## जेन-जी आन्दोलनपछि बन्द युएई रोजगारी खुलाउन भएन कूटनीतिक पहल



कहिलेबाट खोल्ने भन्ने युएईको आन्तरिक विषय हो तर नेपालले फरार कैदीबन्दी युएई आउँदैनन्, आउन नदिनका लागि यस्ता रणनीति बनाएका छौं भनेर कूटनीतिक पहल त गर्नुपर्थ्यो, आजसम्म कुनै पहल भएको छैन । युएईको राजदूतले तदारूकता नै देखाएनन् ।

■ **महेशकुमार बस्नेत**
महासचिव, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ



हाम्रो दूतावासले युएईका उच्च पदाधिकारीलाई बुझाउन नसक्नु कूटनीतिक कमजोरी हो । हाम्रा कूटनीतिज्ञहरूले जेन-जी आन्दोलन यस्तो हो, यसले कुनै पनि हिसाबले तपाईहरूलाई प्रभाव पार्दैन भनेर बुझाएको देखिँदैन ।

■ **डा. गणेश गुरुङ**
श्रमविद्



■ **ममता थापा**

**काठमाडौं–** संयुक्त अरब इमिरेट्स (युएई)को रोजगारी करिब दुई महिनादेखि बन्द छ । गत भदौ २३ र २४ को जेन-जी आन्दोलनलाई कारण देखाउँदै युएईले नेपाली श्रमिकलाई भिसा दिएको छैन ।

नेपालीहरूको प्रमुख रोजगार गन्तव्यमध्येको एक युएई बन्द हुँदा वैदेशिक रोजगार व्यवसायी र युएई जाने तयारीमा रहेका श्रमिकहरू प्रभावित भएका छन् । तर, अहिलेसम्म सरकारले कूटनीतिक पहल गरेको छैन । मुलुकको प्रमुख रोजगार गन्तव्यले भिसा नदिँदा पनि खुलाउने प्रयास नगरेकोप्रति वैदेशिक रोजगार व्यवसायीहरूले चिन्ता व्यक्त गरेका छन् ।

गएको भदौ ३० गतेपछि युएईले नेपालीका लागि भिजिट भिसा र कामदार भिसा बन्द गरेको हो । जेन-जी आन्दोलनका क्रममा देशभरका कारागारबाट कैदीबन्दी भाग्नुलाई मुख्य कारण देखाइएको छ । कारागारबाट भागेका तथा तोडफोड र आगजनीमा संलग्न व्यक्तिहरू युएई प्रवेश गर्नसक्ने आशंकामा बन्द गरेको बताइएको छ । यद्यपि, त्यहाँको सरकारले आधिकारिकरूपमा यस विषयमा कुनै जानकारी दिएको छैन ।

प्रमुख गन्तव्य मुलुक नै बन्द हुँदा व्यवसायी र श्रमिक त मारमा परेका छन् नै यसले मुलुकको अर्थतन्त्रलाई पनि धेरै ठूलो असर गर्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेशकुमार बस्नेतले बताए । नेपालका सबै नागरिक अपराधी होइनन् र आपराधिक पृष्ठभूमि भएकाहरूलाई कुनै हालतमा युएई छिर्न दिँदैनौं भनेर त्यहाँको सरकारलाई विश्वस्त बनाउन कूटनीतिक पहल नभएको उनको भनाइ छ । 'कहिलेबाट खोल्ने भन्ने युएईको आन्तरिक विषय हो तर नेपालको विषयवस्तुचाहिँ नेपालका कैदीबन्दी...

क्रमशः पृष्ठ २ मा

## झलनाथको बुझिनसक्नु लीला

■ **जेबी योञ्जन**



- दाहाल-नेपालसँगै समाहित हुँदा 'एकता र विभाजनको विजारोपण एकैपटक गरेको' आरोप
- खनालमाथि लाग्यो 'महाअवसरवादी नेता'को ट्याग
- नवगठित नेकपालाई खनाल समूहले विग्रह गर्न सक्ने आशंका

**काठमाडौं–** नवगठित नेपाली कम्युनिस्ट पार्टी (नेकपा)मा पूर्वप्रधानमन्त्री झलनाथ खनाल अन्तिम घडीमा समाहित भएपछि पार्टीभित्रै भन्न थालिएको छ, 'एकता र विभाजनको विजारोपण एकैपटक भयो ।' उनको प्रवृत्ति केन्द्रित टिप्पणी गर्नेहरूलेचाहिँ 'झलनाथको लीला बुझ्न सकिँदैन' भनिरहेका छन् ।

यी दुई आरोपले खनाल यतिबेला डामिएका छन् । 'महाअवसरवादी नेता'को ट्यागसमेत लागेको छ । नेकपाका एक नेताका अनुसार पार्टीमा खनालको आगमनलाई कम्युनिस्ट एकता र विभाजनको एकैसाथ विजारोपण भनिनुमा दुई कारण छन् । पहिलो, दिल्लीमा रहँदा गत २६ असोजमा खनालले जारी गरेको वक्तव्य अनि भए एमालेसँग एकता, नभए व्यक्तिगतरूपमा महत्त्वपूर्ण पदीय हैसियतमा फर्किन अध्यक्ष केपी शर्मा ओलीसँग गरेको भेटघाट ।

दोस्रो, तत्कालीन नेकपा एकीकृत समाजवादीको १२ र १३ कात्तिकको केन्द्रीय समिति बैठकमा वाम एकताबारे राखेको फरक मत र तत्कालीन माओवादी अध्यक्ष पुष्पकमल दाहालसँगै उनको दल माओवादीप्रतिको घृणामिश्रित अभिव्यक्ति । खनाल खासगरी दाहाल नेतृत्वको तत्कालीन माओवादी केन्द्रसँग एकता गर्न पहिल्यैदेखि अनिच्छुक थिए । बरु, एमालेसँग एकतामा उनको पूरै जोडबल थियो । उनको तर्क थियो, 'एमालेसँग विभाजनको औचित्य पुष्टि गर्न सकेनौं । त्यो हाम्रो पनि पसिनाले बनेको घर हो, त्यहीँ फर्कौं ।'

समाजवादीका अध्यक्ष माधवकुमार नेपाल भने एमाले फर्किन तयार थिएनन् । उनको दृष्टिमा ओली प्रधान राजनीतिक सत्रु हुन् । दक्षिणपन्थी नेता हुन् । त्यही भएर दाहाललगायतसँग मिलेर नयाँ कम्युनिस्ट पार्टी गठन गर्न नेपाल अग्रसर थिए ।

गत असोजको तेस्रो साता त जसरी पनि एकता गरेर नयाँ पार्टी बनाउन दाहालसँग संवाद थाले । उनी काभ्रेको पतञ्जली जग्गा प्रकरणमा भ्रष्टाचार आरोपी हुन् । खनाल समूहबाट नेपालमाथि आरोप लाग्यो- पक्राउ पर्नबाट जोगिन ठूलो दलको ओत लाग्न खोजे । उता खनालले दिल्लीबाट वक्तव्य जारी गरेर भने, 'कुबेलाको सहनाइ नबजाऔं ।' खनालनिकट एक नेताका अनुसार त्यसबेला दिल्लीस्थित अपोलो अस्पतालमा उपचाररत श्रीमती रविलक्ष्मी चित्रकारले पार्टी एकता गर्ने नै भए एमालेसँग गर्नू भनेर खनाललाई सुझाएकी थिइन् । लगत्तै खनालको माओवादीलगायत दलसँग एकताविरोधी अभिव्यक्ति आएको हो ।

खनालपत्नी चित्रकार गत २४ भदौमा जेन-जी विद्रोहीहरूले घरमा आगो लगाउँदा जलेर गम्भीर घाइते भएकी थिइन् । उनलाई उपचार गर्न दिल्ली लैजान ओलीले नै फोन गरेर भनेको खनालनिकट ती नेता बताउँछन् । त्यसबेला आफू आर्थिक संकटमा रहेको भन्दै ओलीलाई खनालको जवाफ थियो, 'तपाईंले पो भ्रष्टाचार गरेर कमाउनुभयो ।

क्रमशः पृष्ठ २ मा




पृष्ठ १ बाट क्रमशः

## निजी क्षेत्रले...

हामी निजीक्षेत्र पनि सम्पूर्ण रूपमा शान्ति स्थायित्व र समृद्धिका लागि समयमै निर्वाचनको वातावरण बनाउन आग्रह गर्दछौं । यसमा निजी क्षेत्र सहयोग र सहकार्य गर्न तयार छ ।'

युवा पुस्ताको आन्दोलन र मागबमोजिम मुलुकमा भ्रष्टाचार न्यूनीकरण गरी सुशासन कायम गर्ने प्रयत्नमा सरकार लागेको समयमा निजी क्षेत्र पनि खरानी टक्टक्याउँदै जुर्मुराउन खोजिरहेको उनको भनाइ छ । उनले हरेक आन्दोलन वा प्रदर्शनमा निजी क्षेत्रमाथि प्रहार हुने गरेको भए पनि यसपटक विगतका आन्दोलनभन्दा बढी आहत भएको उल्लेख गरे ।

'एउटा उद्यमीले जसोतसो जोहो गरेर, सरसापट गरेर, ऋृण काडेर लगानी गरेको हुन्छ, राजस्वमा योगदान पुऱ्याएको हुन्छ, रोजगारी सिर्जना गरेको हुन्छ । तर पनि आन्दोलनमा उद्यमी व्यवसायीका शयनकक्षसम्म लुटपाट भएको छ । व्यापार व्यवसायमा आगो लागेको छ । यो घटनाले सबैले आफैंले आफैंलाई फर्केर हेर्न पनि बाध्य पारेको छ । हामी पनि समीक्षा गर्दै छौं हामी कहाँ चुक्यौं । अनि समाज कहाँ चुक्यो,' अध्यक्ष ढकालले भने ।

उनले आन्दोलनका क्रममा आगजनी, तोडफोड तथा लुटपाट गर्नेमाथि कडाभन्दा कडा कारबाही गर्नसमेत माग गरे । कारबाही नहुने हो भने दण्डहीनता मौलाउने उनको भनाइ छ ।

### राहतमार्फत आत्मविश्वास बढाउने आश्वासन

प्रधानमन्त्री कार्कीले 'जेन-जी' आन्दोलन पृष्ठभूमिमा राज्यविहीनताको फाइदा उठाउँदै केही उच्छृंखल समूहले उद्योग व्यापारिक क्षेत्रमा गरेको क्षति सरकारलाई अस्वीकार्य भएको बताइन् । उनले उक्त क्षतिबाट मर्माहत भएको निजी क्षेत्रलाई तत्काल राहत दिँदै आत्मविश्वासको जगेर्ना गर्न सरकारले कुनै प्रयास बाँकी नराख्ने विश्वास दिलाइन् ।

कानुनको शासन स्थापित गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले निजी क्षेत्रलाई सुरक्षाको प्रत्याभूति दिन सम्पूर्ण शक्तिका साथ सरकार लागिपरेको बताइन् । 'घुसखोरी, पार्टीगत लेबी र कमिसनको सञ्जाल सहच छैन, लोकतन्त्रका नाममा लुटतन्त्र हामीलाई स्वीकार्य छैन, इमानदार उद्यमीलाई प्रताडित गर्ने र नीतिगत चलखेल गर्नेहरू पोसिने अवस्था रहनु हुँदैन,' प्रधानमन्त्री कार्कीले भनिन् ।

सुशासन कुनै पनि मुलुकको सामाजिक न्याय र आर्थिक वृद्धिको पूर्वसर्त भएको जनाउँदै प्रधानमन्त्री कार्कीले राजकीय सम्पत्तिमाथि राजनीतिक आवरणमा भएका लुट, निजी क्षेत्रमाथि लादिएका शंका र दोहनकारी संकटपूर्ण प्रणालीप्रति सरकार सजग रहेको बताइन् ।

'व्यवसायीका पिर मर्का हाम्रै पिर मर्का हुन्, उद्योगी व्यवसायीहरू केवल राज्यलाई करमात्र तिरेका हुँदैनन्, उनीहरूले रोजगारी र सामाजिक सुरक्षाको सुनिश्चितताबाट राज्यको ठूलो दायित्व पनि बहन गरिदिएका हुन्छन्,' उनले भनिन्, 'तसर्थ, उद्योग व्यवसायविना देश बन्दैन, उद्योगीको मनोबल नउठेसम्म अर्थव्यवस्था उठ्न सक्दैन, निजी क्षेत्रको मागलाई सम्बोधन गर्न निरन्तर सहकार्य गरिरहेका छौं ।' प्रधानमन्त्री कार्कीले सिंगो मुलुक आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनको तयारीमा जुटेको उल्लेख गर्दै निर्वाचनमार्फत दिगो लोकतान्त्रिक प्रक्रियामा मुलुक अगाडि बढ्ने विश्वास व्यक्त गरिन् ।

अर्थमन्त्री खनालले जेन-जी आन्दोलनको प्रभावबाट निजी क्षेत्रलाई पूर्ववत् अवस्थामा ल्याउन वर्तमान सरकारले पहिलो दिनदेखि नै काम थालनी गरेको स्पष्ट पारे । 'सरकारले पटक-पटक निजी क्षेत्रसँग छलफल गरिरहेको छ,' उनले भने, 'निजी क्षेत्रमैत्री व्यवहार गर्न सरकार लागिपरेको छ ।' कर प्रशासनका सेवालाई विकेन्द्रित गर्दै लगिएको जानकारी दिँदै उनले व्यवसायी जगत्लाई भरोसा जगाउन सरकार प्रतिबद्ध रहेको बताइन् । 'व्यवसायीलाई कुनै पनि दुःख नदिइकन सेवा दिन सरकार तत्पर छ,' उनले भने ।

गृहमन्त्री ओमप्रकाश अर्यालले आमनागरिकको अभिभावकका रूपमा काम गरिरहेको वर्तमान सरकारले निजी क्षेत्रको सरोकार सम्बोधन गर्ने बताइन् । 'मुलुक अहिले कानुनी राज्यका रूपमा अघि बढिरहेको छ, सरकारले कानुनी राज्यको सरकारले गर्छ,' उनले भने, 'अर्थतन्त्रको आधारशीला बलियो बनाउनुपर्छ, यसका अंगलाई सुरक्षा दिनुपर्छ, यही काम सरकारले गरिरहेको छ ।'

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले औद्योगिक वातावरण प्रवर्द्धनका लागि बाधक बनेको कानुनी व्यवस्था परिमार्जनलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताए । उद्योगीलाई सहजीकरण गर्न मन्त्रालय प्रयासरत रहेको जानकारी दिँदै उनले अर्थतन्त्रलाई चलायमान बनाउन आवश्यक विषयलाई उच्च प्राथमिकता दिइने स्पष्ट पारे ।

मुख्यसचिव एकनारायण अर्यालले स्वदेशमा रोजगारी सिर्जना गरेर कामको खोजीमा वैदेशिक रोजगारीमा विदेशिनुपर्ने बाध्यता अन्त्य गर्नुपर्नेमा जोड दिए । नेपाल राष्ट्र बैंकका गभर्नर डा. पौडेलले उच्च मनोबलका साथ निर्धक्क भएर व्यावसायिक क्रियाकलाप अघि बढाउन निजी क्षेत्रलाई आग्रह गरे । 'उच्च मनोबलका साथ काम गर्नुस् । एउटा दुर्घटनाजस्तो भयो । त्यसपछि वैधानिक सरकार बनेको छ, यो अवसरलाई तपाईंहरूले सकारात्मकरूपमा लिएर यसलाई सदुपयोग गर्नुहोला,' उनले भने ।

■ ■ ■

## २५ दिनम...

यही संवैधानिक संरचनामा मुख्यमन्त्री नियुक्त सोनालको राजीनामापछि अब संसद्को ठूलो दलको नेतृत्वमा सरकार बन्ने भएको छ । प्रदेश संसद्मा नेकपा एमाले पहिलो दल हो । उक्त दलका संसदीय दलका नेता सरोजकुमार यादव हुन् । उनी मुख्यमन्त्री बन्ने भएका छन् । त्यसका लागि प्रदेश प्रमुखले सरकार गठनको आह्वान गर्नुपर्ने हुन्छ । आह्वान गरेको अवधिमा सरकार गठन गर्न यादवले दाबी पेस गर्नुपर्ने संवैधानिक कानुनका जानकार चन्द्रकान्त ज्ञवाली बताउँछन् । उनी भन्छन्, 'संविधानको धारा ६८ (३) को मुख्यमन्त्रीले पनि ३० दिनभित्र विश्वासको मत लिनैपर्छ ।'

मधेस प्रदेशसभामा ६४ प्रत्यक्ष र ४३ समानुपातिक गरी १०७ जना सांसद छन् । कूल १० दलको संसद्मा प्रतिनिधित्व छ । प्रदेश संसद् सचिवालयका अनुसार एमालेको २५ जना, कांग्रेसको २२ जना, जनता समाजवादी पार्टी नेपालको १९ जना, नवगठित नेपाली कम्युनिस्ट पार्टीको १६ जना, जनमत पार्टीको १३ जना र लोकतान्त्रिक समाजवादी पार्टीको नौ जना सांसद छन् । नेपाल संघीय समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीको समान एक/एक जना सांसद छन् ।

प्रदेश सभामुख रामचन्द्र मण्डल एमालेबाट निर्वाचित हुन् । सोही दलका सांसद दीपेन्द्रकुमार ठाकुर निलम्बनमा छन् । त्यसो हुँदा एमालेको कूल मताधिकारप्राप्त सांसद संख्या २३ जना हो । त्यस्तोमा एमाले संसदीय दलका नेता यादव मुख्यमन्त्री भए ३० दिनभित्रमा विश्वासको मत पाउन उनलाई ५४ जना सांसदको समर्थन चाहिन्छ । त्यसका लागि उनले कांग्रेससँगै अन्य दलको पनि समर्थन प्राप्त गर्नुपर्ने देखिएको छ ।

■ ■ ■

## जेन-जी...

भागेर युएई आइपुग्दैनन्, नआइपुग्नका लागि यस्ता रणनीति बनाएका छौं भनेर राजदूतले केही पहल त गर्नुपर्थ्यो नि !,' महासचिव बस्नेतले भने, 'हामीले थाहा पाएसम्म आजसम्म कुनै कूटनीतिक पहल भएको छैन । यत्रो अन्तर्राष्ट्रिय समन्वय गर्न गएको राजदूतले तदारुकता देखाउन पर्दैन ?'

भागेका कैदीबन्दीको पुलिस रिपोर्ट लिने, उनीहरूको विवरण निकालेर प्रहरीले कालोसूचीमा राखिदिने र उक्त विवरण युएईलाई पनि पठाइदिनेलयायतका उपायहरू भए पनि सम्बन्धित निकाय चुप लागेर बसेको उनले बताए । युएईस्थित नेपाली राजदूतले जागिर खानेबाहेक केहि काम नगरेको बस्नेतको आरोप छ ।

'युएईमा नेपाल सरकार भनेकै दूतावास हो । स्पष्टरूपमा दूतावासले काम गर्न सकेन,' उनले भने, 'अरु देशका राजदूतहरू सक्रियताका साथ हाम्रो विषयमा बताउनुहुन्छ, बोल्नुहुन्छ, लबिइङ गर्नुहुन्छ । युएईको राजदूतचाहिँ जागिर मात्रै खाइरहनुभएको छ ।'

गत दुई आर्थिक वर्षको तथ्यांक हेर्दा दैनिक पाँचदेखि ७०० भन्दा बढी नेपाली श्रमिक संस्थागत, व्यक्तिगत र पुनः श्रम स्वीकृति लिएर युएई गएको देखिन्छ । संस्थागत र व्यक्तिगत श्रम स्वीकृति लिएर मात्र दैनिक साढे तीन सयदेखि साढे पाँच सयसम्म कामदार जाने गरेका छन् । अघिल्लो आव २०८१/८२ मा दुई लाख ७४ हजार ५९० जना श्रमिक युएई गएका थिए । यो संख्या कुनै एक आर्थिक वर्षमा एउटा मुलुक गएको हालसम्मकै ठूलो संख्या हो ।

जेन-जी आन्दोलनपछि युएईले नेपाली श्रमिकलाई गम्भीररूपमा हेरेको अवस्थामा त्यहाँ भएका कूटनीतिज्ञले बुझाउन नसकेको श्रमविद् डा.गणेश गुरुङको तर्क छ । 'हाम्रो दूतावासले युएईका उच्च पदाधिकारीलाई बुझाउन नसक्नु कूटनीतिक कमजोरी हो । हाम्रा कूटनीतिज्ञहरूले जेन-जी आन्दोलन यस्तो हो, यसले कुनै पनि हिसाबले तपाईंहरूलाई प्रभाव पार्दैन भनेर बुझाएको देखिँदैन,' गुरुङले भने ।

राजदूतहरूमा आफूले पूरा गर्नुपर्ने जिम्मेवारीबोध नभएको र उसलाई नियुक्त गर्नेहरूको पनि यसप्रति ध्यान जान नसकेको उनी बताउँछन् । श्रमविद् गुरुङले पनि कूटनीतिज्ञहरूमा जागिरे प्रवृत्ति हावी भएको तर्क गरे । 'हाम्रा कूटनीतिज्ञहरूको काम गरे पनि जागिर पाक्छ, नगरे पनि पाक्छ । राजदूतहरूलाई आफ्नो दायित्वबोध नै भएन,' उनी भन्छन्, 'उसलाई जसले नियुक्त गरेको हो, उसलाई नै मतलब छैन । त्यस्तै, राजदूतहरूमा पनि मोटिभेसन छैन ।'

वर्तमान सरकार चुनावलगायत अन्य विषयमा केन्द्रित हुँदा यो विषय प्राथमिकतामा नपरेको गुरुङले बताए । ठूलो संख्यामा श्रमिक जान बन्द हुँदा कामदारको परिवारलाई सोझै असर पर्ने र अन्त्यमा मुलुककै अर्थतन्त्रमा यसको असर देखिने उनको भनाइ छ ।

यसअघि परराष्ट्र मन्त्रालयले यस विषयमा दूतावासहरूसँग समन्वय भइरहेको र विस्तारै उक्त अवस्था सामान्य हुँदै जाने बताएको थियो । तर अहिलेसम्म श्रमिक लैजाने प्रक्रिया सञ्चालन हुन सकेको छैन । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका एक अधिकारी परराष्ट्र र श्रम दुवैमा विभागीय मन्त्री नहुँदा यस्ता धेरै कूटनीतिक पहलहरू अघि बढ्न नसकेको बताउँछन् । मन्त्री नियुक्त हुन नसक्दा हाल यी दुवै मन्त्रालय प्रधानमन्त्री सुशीला कार्की आफैंले हेरिरहेका छन् ।

■ ■ ■

## झलनाथको ...

मैले त्यसो गरिनँ । मसँग पैसा छैन । केले लानु ?' ओलीले सम्हालिएर भनेका थिए, 'अहिले हच्याँ-त्याँ कुरा नगरौं, पछि गरौंला । अहिले म्याडमलाई उपचारमा दिल्ली लानू । म एयर एम्बुलेन्स मिलाइदिउँला ।'

खनालनिकट ती नेताको दाबीमा नभन्दै ओलीले एयर एम्बुलेन्स मिलाइदिए । ६ असोजमा चित्रकारलाई एयर एम्बुलेन्समार्फत उपचारका लागि दिल्ली लगियो । नेपालदेखि दिल्लीमा एयर एम्बुलेन्सको भाडा कम्तीमा ४२ लाख रूपैयाँ हो । भाडा सबै ओलीले बेहोरेको ती नेताको दाबी छ ।

भनिन्छ, त्यसबेला तत्कालीन एकीकृत समाजवादीका अध्यक्ष नेपालले खनालपत्नी चित्रकारको उपचारमा १० लाख र हाल नेकपा संयोजक दाहालले पाँच लाख रूपैयाँ सहयोग गरेका थिए । तर, ओलीले ठूलो खर्च बेहोरेपछि चित्रकारले पति खनाललाई पार्टी एकता गर्ने भए एमालेसँग गर्नु भनेकी थिइन् ।

खनाल नेपाल फर्किंदा माओवादी केन्द्र, एकीकृत समाजवादीलगायत दल र समूह एकता प्रक्रियामा धेरै अगाडि बढेका थिए । १२ र १३ कात्तिकमा एकताबारे निर्णय गर्न एकीकृत समाजवादीको केन्द्रीय समिति बैठक बस्यो । बैठकमा सहभागी समाजवादीका एक केन्द्रीय सदस्यले खनालको भनाइ उदृत गर्दै भने, 'तपाईंहरू १७ हजारको हत्या गर्ने दलसँग, त्यसको नेतासँग मिल्न जाँदै हुनुहुन्छ । जानेहरूलाई रोक्न सकिँदैन । जानुहोस्, शुभकामना । हामी पार्टी पुनर्गठन गर्छौं । क्रान्तिकारी र जुझारु पार्टी निर्माण गर्छौं ।'

बैठकपछि पार्टीको बहुमतले एकताको निर्णय पारित गरेको प्रवक्ता प्रकाश ज्वालाले घोषणा गरिदिए । एक दिनपछि १४ कात्तिकमा एमाले अध्यक्ष ओलीले एकता प्रक्रियामा अघि बढेका नेताहरूलाई रोक्न एमालेमै फर्किन आह्वान गरे । उनले भने, 'जहाँ हुनुहुन्छ, फर्किनुस्, आफ्नै घर फर्किनुस् ।'

खनाल एमाले फर्किन केही वर्षदेखि खुट्टा उचालिरहेका थिए । त्यसैले ओलीको आह्वानले उनी खुसी भए । भोलिपल्ट उनी र घनश्याम भुसाल समूहको भेलामा पत्रकारहरूले ओलीले एमालेमा फर्कन आह्वान गरेको प्रसंग कोट्याउँदा ढोका राम्रोसँग खोले फर्किने बताएका थिए । त्यसबेला उनको घुमाउरो अर्को सर्त पनि थियो- 'बस्ने ठाउँ पनि राम्रो हुनुपऱ्यो ।' त्यो भनेको पदीय जिम्मेवारी उपयुक्त हुनुपर्छ भन्ने हो ।

उता दाहाल-नेपाललगायतले नयाँ पार्टीको नाममा एकताबद्ध भएको घोषणा मिति १९ कात्तिकमा जुराए । खनाल भने १८ कात्तिकको साँझ ओली बस्दै आएको भक्तपुरको गुण्डु पुगे । त्यहाँ ओलीसँग हात मिलाएर फोटो खिचाए । ओलीनिकट नेता महेश बस्नेतले त्यसदिन पत्रकारहरूलाई ओली-खनालको भेटवार्ताबारे कूटनीतिक जवाफ दिए, 'भेटवार्ता सकारात्मक भयो ।'

भोलिपल्ट १९ कात्तिकको बिहानै फेरि खनालले ओलीसँग भेट गरे । खनालनिकट ती नेता भन्छन्, 'खनालले पार्टीमा दोस्रो वरीयता माग्नुभयो । आफूसँगै आउने नेताहरूको सम्मानजनक व्यवस्थापन गर्नुपऱ्यो भन्नुभयो तर ओलीले सरक्क आउनू, तपाईंहरूलाई जानू भनेको थिइनँ । अहिले पद सदको कुरा नगर्नू भन्नुभयो । त्यसपछि कुरो मिलेन ।'

ओलीको यस्तो अभिव्यक्तिले एमाले फर्किन तयार खनाल बिहानै निराश भएर फर्किए । अनि, दाहालसँग संवाद थाले । आफूलाई तेस्रो वरीयता दिन र आफूसँग आएका नेताहरूको व्यवस्थापनको प्रतिबद्धता खोजे । स्रोतका अनुसार दाहाल सहमत भए । अन्ततः खनाल भृकुटीमण्डपमा आयोजित एकतासभामा पुगे ।

जबकि, खनाल पहिले माओवादीसँग एकताको विपक्षमा थिए । माओवादी र दाहाललाई हिंसासँग जोडेर टिप्पणी गर्थे । एमाले फर्किन तम्तयार थिए । तर, ओलीले सर्त नमानेपछि खनाल लुसुक्क एकता प्रक्रियामा सामेल भए । यस्तो अवसरमुखी दौडधुपलाई नेकपाका नेताहरूले भन्न थालेका हुन्, 'झलनाथको लीला बुझ्न सकिँदैन ।'

नेकपामा खनालको प्रवेश विशुद्ध आफू र आफूनिकट नेताहरूको व्यवस्थापनका लागिमात्रै हो । समाजवादी शक्तिहरूको बृहत् ध्रुवीकरण गर्दै बलियो शक्ति निर्माण गर्ने राजनीतिक स्वार्थ खनालसँग छैन । त्यसो हुनाले भोलि पार्टी संगठनमा पदीय जिम्मेवारीमा चित्त नबुझाएर वा चुनावमा टिकटमा असहमति जनाउँदै नेकपालाई खनाल समूहले विग्रह गर्न सक्ने शंकाउपशंका गर्न थालेका छन् । यस्तो शंका गर्ने पूर्वमाओवादी नेता लेखनाथ न्यौपाने पनि हुन् ।

उनले पार्टी एकतासभामै दाहाल, नेपाल र खनाललक्षित व्यंग्य गरेका थिए, 'यसो हेरेको सबै दाने गाईजस्ता, फुकाएपछि आ-आफ्नै बाटो लाग्ने, फागुन २१ सम्म रहे ठूलो कुरो ।'


## Jeetpursimara Submetropolitan City
## Office Of The Muncipal Executive
**Jeetpur, Bara**
**Madesh Province, Nepal**

### Letter Of Intent (LOI)

**Date of Publication: 2082/07/23**

This is to notify ( as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders that we are going to award following contracts as per tender notice published on 24th Sep 2025 in National Daily Newspaper to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification crieterion.

| S. N. | Contract No. | Description of Work | Bidder's Name | Bidding Amount (Without VAT) |
|---|---|---|---|---|
| 1. | JSMC/NCB/ GOODS/ 1-2082/83 | Procurement Of Medicine | Gadhimai Medihealth Pvt Ltd, Mahalaxmi-05, Lalitpur | Rs.54,91,180.00 |

**Chief Administrative Officer**



## Triyuga Municipality
**Office of The Municipal Executive**
**Gaighat, Udayapur**
**Koshi Province, Nepal**

### Invitation For Bid

**Date of Publication: - 2082-07-23 (2025-11-09)**

1. Triyuga Municipality Office, Gaighat, Udayapur invites online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding.

| S. N. | Contract ID | Description & Location of Works | Estimated Amount | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs) | Bid Validity Period/Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1. | TM-UDA-NCB-WORKS-15/ 2082-083 | Construction of Shree Janata Ma.Vi. School Building, Tri. Na.Pa.-15, Udayapur | 6,779,409.46 | 3,000.00 | 180,000.00 | 90 days/ 120 days |

2. **Information to deposit the cost of bidding document and bid bond in bank :**

| Office Name | Triyuga Municipality Office | Lase date of Submission | 2082-08-24 (10th Dec. 2025) Time: -12:00 Hrs. |
|---|---|---|---|
| Name of Bank | Rastriya Banijya Bank, Gaighat | Date of Bid Opening | 2082-08-24 (10th Dec. 2025) Time: -13:00 Hrs. |
| Aantarik Rajaswa Khata No. | GA-1-1 2090100301010004 (For Bid Document Fee) | Pre-bid Meeting | 2082-08-14 (30th Nov. 2025) Time: -11:00 Hrs. |
| Rajaswa Shirshak No. | 14229 | Office Code No. | 133006510 |
| Dharauti Khata No. | GA-3 2090100303000004 (For Bid Security) | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp
4. Online bids must be valid for a given Bid Validity Period for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
5. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064. Any amendments in tender notice shall be published in e-procurement section.
6. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
7. Triyuga Municipality Office, Gaighat, Udayapur reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

नेपालको जलवायु प्रतिबद्धता

# साझा सहकार्य र तत्कालीन कार्यको आह्वान

■ भीष्मराज ओझा

**काठमाडौं–** नेपालले जलवायु परिवर्तनका सम्बन्धमा विश्वसामु साझा सहकार्य, जलवायु न्याय र दिगो भविष्यका लागि तत्कालीन कार्यको आह्वान गरेको छ । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचना महासन्धिका पक्ष राष्ट्रहरूको ३०औं सम्मेलन (कोप-३०) पूर्वसन्ध्यामा यही कात्तिक २० र २१ गते भएको ‘लिडर समिट’मा नेपालले सो आह्वान गरेको हो ।

वन तथा वातावरण मन्त्रालयका सचिव डा. राजेन्द्रप्रसाद मिश्रले नेपालको तर्फबाट वक्तव्य दिँदै नेपालले प्रकृतिमैत्री प्रणाली र वातावरणीय संरक्षणलाई सधैं प्राथमिकतामा राखेको उल्लेख गरेको जानकारी दिए । ‘हाम्रो ४६ प्रतिशत भूभाग वनले ढाकिएको छ, जुन स्थानीय समुदाय र आदिवासी जनजातिको सक्रिय सहकार्यमा सुरक्षित गरिएको छ,’ उनले भने, ‘सगरमाथा र हिमालय हाम्रो पहिचानमात्र होइन, अर्बौं जनताका लागि जैविक विविधता, स्वच्छ हावा र पानीका प्रमुख स्रोत हुन् । यस कारण नेपाल विश्व जलवायु प्रणाली सन्तुलनमा महत्त्वपूर्ण योगदानकर्ता हो ।’

सचिव डा. मिश्रले नेपालको कार्बन उत्सर्जन अत्यन्त न्यून भए पनि बलियो नीति र कार्यमार्फत अग्रणी भूमिकामा रहेको उल्लेख गर्दै भने, ‘हाम्रो एनडिसी ३.० र एनएपीले पेरिस सम्झौताप्रतिको प्रतिबद्धता झल्काउँछन् । हामी जीवाष्म इन्धनको चरणबद्ध अन्त्य गर्दै विद्युतीय सवारी र स्वच्छ ऊर्जातर्फ तीव्र रूपान्तरणमा छौं ।’

## सगरमाथा संवाद र साझा दृष्टिकोण

सचिव डा. मिश्रले यस वर्ष काठमाडौंमा सम्पन्न सगरमाथा संवादको स्मरण गर्दै सगरमाथा संवादले बहुपक्षीयता सुदृढ गर्ने र तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसभित्र सीमित राख्ने साझा प्रतिबद्धतालाई पुनः पुष्टि गरेको अवगत गराए । यी प्रयासहरूका बाबजुत नेपालमा जलवायु संकट तीव्र बन्दै गएको उल्लेख गर्दै उनले यस वर्षमात्र बाढी, पहिरो, खडेरी, हिमताल फुट्ने घटना र वन डढेलोका कारण ३०० भन्दा बढी नेपालीले ज्यान गुमाउनुपरेको अवगत गराए ।

उनले पेरिस सम्झौताले परिणाम दिन थालेको तर आवश्यक गति र परिमाण भने अपेक्षानुसार नभएको उल्लेख गर्दै कमजोर देशका लागि वित्त र प्रविधिको पहुँच अझै जटिल र महँगो भएकाले यसलाई सहज र सबैका लागि सुलभ बनाउनुपर्नेमा जोड दिए ।




नेपालले यस सम्मेलनबाट १.५ डिग्री सेल्सियस तापक्रम लक्ष्यलाई मार्गमा राख्ने रोडम्याप कार्यान्वयन, ‘बाकु-बेलेम रोडम्याप’अन्तर्गत १.३ ट्रिलियन अमेरिकी डलर बराबरको जलवायु वित्त जुटाउने लक्ष्य पूरा, अनुकूलन कोषमा तीन गुणा वृद्धि र हानिनोक्सानीलाई पूर्णरूपमा कार्यान्वयन गरी कमजोर देशहरूले सो कोषमा प्रत्यक्ष र सरल पहुँच पाउने व्यवस्थाको अपेक्षा गरेको उनले बताए ।

‘हामीसँग अब ढिलाइ गर्ने समय छैन । नेपाल विश्वव्यापी पहलहरूसँग कदम मिलाएर यो आपत्कालीन अवस्थालाई सम्बोधन गर्न प्रतिबद्ध छ,’ सचिव डा. मिश्रले भने, ‘आउनुहोस्, हाम्रो जनता, उनीहरूको जीविका र हाम्रो पृथ्वीको सुरक्षाका लागि अब मिलेर कार्य गरौं ।’ कोप-३० मुख्य सम्मेलन यही नोभेम्बर १० देखि २१ तारिख (यही कात्तिक २४ देखि मंसिर ५ गतेसम्म) सम्म आयोजना हुँदै छ ।

यसअघिका सम्मेलनमा उद्घाटनको पहिलो र दोस्रो दिन उच्चस्तरीय राजनीतिक नेतृत्वलाई आमन्त्रण गरी उच्चस्तरीय सत्र गरिन्थ्यो । कोप-३० मा भने सम्मेलनको तीन दिनअगाडि नै उच्चतस्तरीय सत्र आयोजना गरी राजनीतिक र प्राविधिक सत्रलाई अलग-अलग गरिएको छ ।

## कृषिमन्त्री परियारको नेतृत्वमा सहभागिता

कोप-३० मा नेपालले मन्त्रिस्तरीय सहभागिता जनाउनेगरी तयारी गरेको छ । वन मन्त्रालयका अनुसार मुलुकको बदलिँदो राजनीतिक परिस्थितिका कारण नेपालले कृषि तथा पशुपन्छी विकासमन्त्री डा. मदनप्रसाद परियारको नेतृत्वमा नौ सदस्यीय सानो र छरितो टोलीसहित सहभागिता जनाउने छ ।

सम्मेलनमा लागि मन्त्रीसहितको टोली यही कात्तिक २९ गते ब्राजिल प्रस्थान गर्ने वन मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव डा. महेश्वर ढकालले जानकारी दिए । कोप-३० सम्मेलनमा नेपालले सगरमाथा संवादका निष्कर्षका साथ सम्मेलनका उपलब्धिको विश्वव्यापी समीक्षा, जलवायुजन्य हानिनोक्सानी, अनुकूलन, न्यूनीकरण, कार्बन वित्त र पेरिस सम्झौताको धारा ६ विषयमा आधारित रहेको आफ्ना एजेण्डा प्रस्तुत गर्ने तयारी गरेको छ ।

त्यस्तै जलवायु वित्त, जलवायुका विषयमा पारदर्शिता ढाँचा, पर्वत, क्षमता अभिवृद्धि र प्रविधि हस्तान्तरण तथा जलवायु न्यायका विषयमा आधारित रहेको एजेण्डा प्रस्तुत गर्ने तयारी रहेको सहसचिव ढकालले जानकारी दिए । यसैगरी मन्त्रालयले सम्मेलनको तयारीका लागि सरोकारवाला सरकारी, गैरसरकारी, विकास साझेदारलगायतका प्रतिनिधिसहितको चरणबद्ध बैठक गरी राष्ट्रिय स्थितिपत्र तयार गरिसकेको छ । *रासस*


## तु-आवश्यकता

यस कम्पनीका लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरूबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**1. RECEPTIONIST - 1 (Female)**

**नोटः +2 Passed,** अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, सम्बिन्धित क्षेत्रमा कम्तिमा २ वर्ष अनुभवी, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

**तलबः आपसी समझदारीमा**

**आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ ।**

**HR NEPAL SERVICES PVT. LTD.**
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
WhatsApp: 982-0452610, Email: queendear265@gmail.com

श्रम ईजाजत नं. १५४८/०७८/०७९


# नेपाल ट्रस्टका पूर्वसहसचिव कार्की पक्राउ

## ठगी र आपराधिक विश्वासघातसम्बन्धी कसुरमा अनुसन्धान

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल ट्रस्टको नाममा रहेको जग्गा भाडामा लगाउँदा अनियमितता गरेको आरोपमा उक्त कार्यालयका पूर्वसहसचिव लेखबहादुर कार्की पक्राउ परेका छन् । अवकाशप्राप्त गरेर चितवनको भरतपुर महानगरपालिका-१५ बस्दै आएका ६६ वर्षीय कार्कीलाई सोही स्थानबाट नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को टोलीले शनिबार पक्राउ गरेको हो ।

नेपाल ट्रस्टका नाममा दर्ता कायम रहेको काठमाडौंको जग्गा बद्नियत राखेर हानिनोक्सानी हुनेगरी भाडा सम्झौता दिएको पाइएपछि उक्त घटनाको अनुसन्धानका लागि कार्कीलाई पक्राउ गरिएको सिआइबीका प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले जानकारी दिए ।

उनका अनुसार उनको संलग्नतामा नेपाल ट्रस्टको कार्यालय र थामशेर्कु ट्रेकिङ प्रालिबीचमा लिजमा दिने/लिने करार सम्झौता हुँदा सूचनामा उल्लेख भएको कित्ता नं ४६०६ को जग्गाभन्दा बढी अर्को कित्ता नं. ४६०५ समेत थपगरी लिजमा दिने/लिने सम्बन्धमा सञ्चालक समितिको निर्णय र आधारविना बद्नियतपूर्वक नेपाल ट्रस्टका नाममा रहेको जग्गा बोट मोडलका लागि निर्माण अवधि तीन वर्षसमेत तोकी ३० वर्षका लागि लिजमा दिने/लिने सम्झौता गरेको पाइएको हो ।

२०७४ जेठ १४ गते नेपाल ट्रस्टको कार्यालयलाई दीर्घकालीन हानिनोक्सानी हुनेगरी उक्त करार सम्झौता भएको पाइएको उनले बताए । सिआइबीले शनिबार सार्वजनिक गरेको विवरणमा भनिएको छ, ‘नेपाल ट्रस्टको जग्गा लिजमा लिने लाभग्राहीले सहयोग गर्ने अधिकारी सम्बद्ध रहेको विभिन्न ओहोदा र पदमा रहेका व्यक्तिहरूले गैरकानुनी तवरले लाभ लिई ठगी, आपराधिक विश्वासघात गरेको, उल्लेखित कार्यबाट नेपाल ट्रस्टमार्फत नेपाल राष्ट्रलाई नै ठूलो हानिनोक्सानी पुऱ्याइ विभिन्न पद तथा ओहोदामा रहेका व्यक्ति, सरकारी कर्मचारी तथा अन्य व्यक्ति, सहयोगी तथा मतियारसमेतले लाभ लिएको पाइएको छ ।’ एसएसपी श्रेष्ठले सोही कसुरमा उनलाई पक्राउ गरी ठगी, आपराधिक विश्वासघातसम्बन्धी कसुरमा पक्राउ गरी उनीमाथि अनुसन्धान थालिएको जानकारी दिए ।


## मलेसियामा रोजगार

कम्पनी : PERKASA FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ | LT. No. 332578 | चलानी नं. ६०२४६२५६

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 50 | 0 | 1700 | ५७,७६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर २ गते (18th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**LION RECRUITMENT SERVICES PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com
Govt. License 1770/081/082

## साउदीमा रोजगार

कम्पनी : NAL UNITED COMPANY LTD

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ | LT. No. 333483 | चलानी नं. ६०२४७११७

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | trailer truck driver | 10 | 0 | 1800 | ६७,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक ३० गते (16th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**WORKFORCE SERVICES PVT. LTD.**
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np
श्रम ईजाजत नं. १७२/०५६/५७

## Barju Rural Municipality
## Office of Rural Municipal Executive

**Amahibelha, Sunsari**
**Koshi Pradesh, Nepal**

## Invitation for Bids for the as per table below

**Contract Identification No: BRM/SUNSARI/SQ/MEDICINES/1/2082/83**
**Date of publication: 09-11-2025**

1. Barju Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Procurement of Medicines and Surgical Supplies.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Barju Rural Municipality, Amahibelha, Sunsari. or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : NIC Asia Bank Limited. Barju Branch
   Name of Office : Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: 2432050027873004
   Rajaswa (revenue) Shirshakno. : AANTRIKRAJASWA KHATA-BARJU GAUPALIKA
4. Pre-bid meeting shall not be held.
5. Bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM, 24th Nov 2025 at the office of Barju Rural Municipality Amahibelha, Sunsari. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format which shall be valid for 30 days beyond the validity period of the bid. Or cash deposit the bid security amount.
   Name Of the bank :NIC Asia Bank Limited. Inaruwa Branch
   Name of Office: Barju Rural Municipality
   Office Code no. : 801011410
   Office Account no.: 243CA50017628005
   Account Name : DHARAUTI KHATA-BARJU GAUNPALIKA
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Name of Project | Contract Id. No. | Total Estimate Amount (Excluding VAT & Contingencies) | BidSecurity Amount NRs. | Bid Document Amount(NRs.) |
|---|---|---|---|---|---|
| 1 | Procurement of Medicines and Surgical Supplies | BRM/SUNSARI/SQ/MEDICINES/1/2082/83 | 3494624 | 90000.00 | 1,000.0 |

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# स्थायित्व र समृद्धिका लागि जिम्मेवार बनौं

मुलुकमा पटक-पटक राजनीतिक परिवर्तन भए । व्यवस्था फेरिए । तर अहिलेसम्मको परिवर्तनले स्थायी सरकार दिन सकेन । एउटा सरकार बनेको एक वर्ष नपुग्दै त्यसलाई ढाल्ने र अर्को बनाउने खेल चलिरह्यो । जसको प्रभाव समग्र अर्थतन्त्रमा परेको छ । मुलुकमा लगानीको वातावरण नबन्नुमा यही अस्थिर राजनीति नै मुख्य कारण बन्यो । जेन-जी विद्रोहपश्चात् बनेको अन्तरिम सरकार आगामी फागुन २१ मा निर्वाचन गराउन उन्मुख भए पनि निर्वाचन हुने सुनिश्चितता छैन । मुलुकको राजनीतिले अझै स्पष्ट दिशा लिइनसकेका कारण निजी क्षेत्र चिन्तित देखिएको छ ।

कहिले प्राकृतिक विपद्, कहिले विश्वव्यापी रोगको प्रकोप त कहिले राजनीतिक आन्दोलनको मारमा पर्दै आएको निजी क्षेत्र पछिल्लोपटक जेन-जी आन्दोलनको क्रममा भएको विध्वंशबाट पनि सिकार बन्न पुग्यो । नेपाल उद्योग वाणिज्य महासंघले गरेको प्रारम्भिक सर्वेक्षणअनुसार गत भदौ २३ र २४ गतेको जेन-जी आन्दोलनका क्रममा ४८ अर्ब रूपैयाँको भौतिक क्षति भएको र यसबाट निजी क्षेत्रको करिब ८८ अर्ब रूपैयाँबराबार नोक्सानी भएको छ । मुलुकको अर्थतन्त्रको ८१ प्रतिशत हिस्सा ओगट्ने निजी क्षेत्र यसरी प्रभावित भइरहँदा उद्यमी, व्यवसायीहरू पलायन हुने त्रास बढ्दो छ । यसले नयाँ लगानीकर्तालाई समेत निरुत्साहित गरिरहेको अवस्था छ ।

पटक-पटकको आक्रमण र राजनीतिक अस्थिरताका कारण प्रभावित बनेको निजी क्षेत्रले आत्मबल बढाउन सरकारको साथ खोजिरहेको छ । तर, सरकार आफैं चुनौतीको चाङमा उभिएको छ । निर्वाचन गर्ने मुख्य जिम्मेवारी बोकेको सरकारमाथि जेन-जी विद्रोहले उठाएको सुशासन र भ्रष्टाचार नियन्त्रणको काम गर्नुपर्ने चुनौती छ । यस्तोमा निजी क्षेत्रको मागलाई सम्बोधन गर्नुपर्ने र उनीहरूलाई विश्वासमा लिएर अघि बढ्नुपर्ने दायित्व सरकारलाई परेको छ । आफूहरूको मनोबल बढाउनका लागि विशेष पहल लिन सरकारसँग निजी क्षेत्रको माग छ ।

निजी क्षेत्रको अर्को मुख्य माग हो दिगो शान्ति र स्थायित्व । यी दुईविना मुलुकको समृद्धि सम्भव छैन । अहिलेको आवश्यकता भनेको निर्वाचनमार्फत राजनीतिक स्थायित्वतर्फ मुलुकलाई अगाडि बढाउनु हो । जब स्थायी सरकार बन्छ, राजनीति स्थिर बन्छ, शान्ति कायम हुन्छ, तबमात्र लगानीको वातावरण बन्छ । अहिलेकै जस्तो अस्थिरताले नयाँ लगानीकर्तालाई आकर्षित त गर्दैन नै, हालका लगानीकर्ताहरूलाई समेत पलायन हुन बाध्य हुने अवस्था निम्त्याउँछ । सबै राजनीतिक दल र सरोकारवालाहरूलाई विश्वासमा लिएर सरकारले आगामी निर्वाचन तोकिएकै समयमा सम्पन्न गराउनुपर्छ । यसका लागि राजनीतिक दल, निजी क्षेत्र तथा सबै क्षेत्रबाट सरकारलाई सहयोग हुन जरुरी छ । मुलुकमा स्थायित्व कायम गर्दै समृद्धिको लक्ष्य पूरा गर्नका लागि सबै आ-आफ्नो ठाउँबाट जिम्मेवार बनौं ।

## श्रम सरोकार

### विदेशमा कमाएको रकम स्वदेशमा आयमूलक व्यवसायमा प्रयोग गर्ने उपायहरु

- वैदेशिक रोजगारीवाट प्राप्त रकम घर पठाउँदा सो रकम कुन-कुन कार्यमा के कति खर्च गर्ने र बचत भएको रकम केमा प्रयोग गर्ने भन्ने विषयमा पहिले नै घर सल्लाह गर्नु उपयुक्त हुन्छ । आफूले खर्च गर्ने, घर खर्च गर्ने, ऋण तिर्ने र स्वदेश फर्केपछि गर्ने व्यवसायका लागि रकम जम्मा गर्ने आदिको योजना बनाएर काम गर्दा बढी प्रभावकारी हुन्छ ।
- वैदेशिक रोजगारीका क्रममा आफूले गर्ने गरेको कार्यमा प्रयोग हुने सीप र प्रविधिको स्वदेश फर्किएपछिसमेत प्रयोग गर्न सकिने विषयमा विशेष चनाखो भएर कार्य गर्नुपर्दछ । आफूले जानेको सीप र प्रविधिकै प्रयोग हुनेखालको व्यवसाय वा काम स्वदेशमा गर्न सके बढी उपलब्धिमूलक हुन्छ ।
- आफू वैदेशिक रोजगारीमै रहेका बेला आफ्नो घरमा बेरोजगार रहेकालाई आयमूलक कार्य वा व्यवसाय गर्न प्रोत्साहन गर्नुपर्छ ।
- कुनै व्यवसाय वा आयमूलक कार्यमा रकम प्रयोग गर्ने अवस्था नभएसम्म वैदेशिक रोजगारबाट प्राप्त रकमलाई बैंक वा वित्तीय संस्थामा बचत गरी सुरक्षित राख्नुपर्छ ।
- आयमूलक कार्य वा व्यवसायका लागि आफूले बनाएको सक्षम योजनाका लागि रकम अपुग भए बैंक, वित्तीय संस्था वा नेपाल सरकारले ल्याउने कार्यक्रमहरूमार्फत ऋण, सहुलियत आदि लिन सकिन्छ । यसका लागि सरकारी सूचनाहरूका विषयमा जानकारी लिने गर्नु पर्दछ ।
- वैदेशिक रोजगारीमा सिकेको सीपलाई मूल्यांकन गरी प्रमाणपत्रसमेत दिने व्यवस्था हुने भएकोले आफ्नो सीपको परिक्षण गराई योग्यताको प्रमाणपत्र लिने गर्नु पर्दछ ।

**वैदेशिक रोजगारीमा आर्जन गरेको रकम र सीप प्रयोग गरी विभिन्न अयमूलक कार्य गर्न सकिन्छ, जसमाः**

- दैनिक उपभोग्य वस्तुहरूको व्यापार (किराना पसल, होटल, रेस्टुराँ, कस्मेटिक, गिफ्ट सप आदि) सञ्चालन गर्ने ।
- विदेशमा सिकेको सीप तथा प्रविधिको प्रयोग गरी गाउँस्तरमा साना उद्योग सञ्चालन गर्ने ।
- कृषि फार्म (जस्तैः बाख्रापालन, कुखुरापालन, बंगुरपालन, माछापालनलगायत)मा लगानी गरी आय आर्जन बढाउने ।
- बेमौसमी तरकारीखेती गरी आय आर्जन बढाउने ।
- सिलाइ, बुटिक, पार्लर, पोतेका सामग्री बनाउने, खेलौना बनाउनेजस्ता काम पनि गर्न सकिन्छ ।

# माछाखेतीको बहुआयामिक लाभ



डा. रामचन्द्र भुजेल

नेपालीले औसतमा चार किलोभन्दा कम वार्षिक प्रतिव्यक्ति माछा खाइरहेका छौं । संसारको औसतसम्म पुऱ्याउन हामीले पाँच गुणा बढाउनुपर्छ । माछा पाल्ने क्षेत्र बढाउन बाँझो जमिनमा पोखरी खन्नपऱ्यो । उत्पादकत्व बढाउन कार्प माछामा नयाँ-नयाँ प्रविधिको प्रयोग गर्नुपर्छ । चाँडो बढ्ने जातहरु जस्तो टिलापिया र पंगासको खेती गर्नुपर्छ । माछामा प्रोटिन, भिटामिन र अन्य पौष्टिक तत्वहरु प्रशस्त पाइन्छ । हप्तामा कम्तीमा दुई-तीन पटक माछा खाएपछि स्वस्थ होइन्छ ।

माछाबारे अध्ययन, अनुसन्धान र तालिम कार्यक्रमहरूमा व्यस्त छु । हाल थाइल्याण्ड र नेपालसँगै कम्बोडिया, सिंगापुर तथा एसिया र अफ्रिकाका अन्य देशहरूमा सोही काम गरिरहेको छु । थाइल्याण्ड माछाको व्यावसायिक उत्पादनबारे जान्ने, बुझ्ने र अध्ययन गर्ने ठूलो ठाउँ हो । त्यहाँबाट नेपालमा पंगास, झिंगे र मोती उत्पादन गर्ने जातको माछा पठाएर गहयोग गरिरहेको छु । नेपालमा अहिले ती माछाहरूका साथै टिलापियाको उत्पादन भइरहेको छ । मेरो उच्च शिक्षा र जीवन नै माछासम्बन्धी विज्ञता बढाउने क्षेत्र भएकाले त्यसैमार्फत समुदायलाई सहयोग गर्ने, कार्यपत्र प्रस्तुत गर्ने र अनुभव बाँड्ने कार्यमा ५० जति देशमा पुगेको छु ।

नेपालमा छ हजारभन्दा बढी नदी नाला छन् । ठूलो परिमाणमा पानी त्यतिकै बगेर गइरहेको छ । नदी-नाला, ताल-तलाउमा माछा छन् तर व्यावसायिक खेती गर्ने चलन भने कम छ । अहिले नेपालमा करिब एक लाख १३ हजार टन माछा उत्पादन हुन्छ । जसमा २१ हजार टनजति नदीनालाबाट मारिन्छ । ती माछा गाउँघरतिर नै सकिने हुनाले सहरका लागि करिब १० हजार टनजति भारत र अन्य देशबाट आयात हुन्छ । जसले गर्दा हरेका वर्ष झण्डै तीन अर्ब रूपैयाँ बाहिर जान्छ ।

हामी माछा उत्पादन र उपभोगका हिसाबले अरुका तुलनामा निकै पछाडि छौं । तर उत्पादनको सम्भावना भने धेरै छ । माछा आफैंमा स्वास्थ्य र पोसिलो खानेकुरा हो । संसारमा एउटा व्यक्तिले प्रतिवर्ष करिब २० केजी माछा उपभोग गर्छ । नेपालमा भने प्रतिव्यक्ति खपत चार किलोभन्दा कम छ । थाइल्याण्डमा यो झण्डै ४० किलो छ । मलेसिया, जापान र कोरियामा त ६० केजीसम्म पुगेको छ । यसबाट नेपालमा माछा खानेमा चलन अतिकम देखिन्छ । तथापि, गएको १५ वर्षमा नेपालमा माछा पाल्नुपर्छ र खानुपर्छ भन्ने सोच बढेको छ । माछा उत्पादन बढाउन धेरै प्रयास गरिएको छ । यस विषयमा उच्च शिक्षाको पाठ्यक्रम विकास गरी लागू गर्न सहयोग गरिएको छ । अरु खेतीको तुलनामा माछाका लागि एक पटक पोखरी खनेपछि अलिअलि मर्मत गरी २०औं वर्षसम्म निरन्तर उत्पादन गर्न सकिन्छ ।

मजदुरको अभाव तथा लागतको तुलनामा उत्पादन कम हुन थालेपछि पछिल्लो समय धान, मकै, गहुँको खेती गर्ने किसानको संख्या घटेको छ । जग्गाहरू बाँझो हुन थालेका छन् । त्यो बाँझो जग्गामा पोखरी खन्ने हो भने राम्रो परिमाणमा माछा उत्पादन हुन सक्छ । तराईका चितवन, बारा, रूपन्देहीमा यसको अभ्यास भइरहेको छ । अरु खेती नभई प्रयोगमा नआएका जग्गामा पोखरी खनेर माछा उत्पादन गर्न सकिन्छ । एक हेक्टर जमिनमा धान लगाउँदा चार टनजति उत्पादन हुन्छ । जबकि नेपालको औसत माछा उत्पादन नै डेढ गुणा बढी अर्थात् छ टनजति छ । अनि माछाको मूल्य धानको भन्दा झण्डै १० गुणा बढी छ । त्यही जमिनमा पंगास, टिलापियाजस्ता चाँडो बढ्ने माछा नयाँ प्रविधिको प्रयोग गरी पाल्ने हो भने २० टनदेखि ४० टनसम्म उत्पादन हुन्छ ।

उत्पादन र नाफा हेर्ने हो अरु खेतीको तुलनामा माछाबाट धेरै आम्दानी लिन सकिन्छ । धानखेती र माछापालन पनि सँगसँगै गर्न सकिन्छ । त्यस्तै हाँस, कुखुरा, बंगुर, गाई, भैंसी अनि बाख्रापालन माछासँगै पोखरीमाथि वा डिलहरूमा गर्न सकिन्छ । माछा उत्पादनलाई व्यावसायिक बनाउन सकेमा रोजगारीका नाममा विदेश जाने युवालाई यही राम्रो अवसर प्रदान गर्न सकिन्छ । सुरुआती दिनमा पोखरी खन्न केही पैसा लाग्छ । तर यसमा सरकारले पनि सहयोग गरिररहेको छ । माछापालनबाट राम्रो लाभ लिन सकिने विषयबारे राम्रो प्रचारप्रसार भएमा विदेश जाने युवाको संख्या पक्कै घट्न सक्छन् । अहिले देशमा युवा जनशक्ति काम नपाएर बरालिएको अवस्था छ । पैसाको ठूलो स्रोत र क्षेत्र भनेको माटो र पानी हो । यसलाई हामीले सही प्रयोग गर्न जान्नुपर्छ । यसमा युवा जनशक्तिलाई प्रेरित गर्नुपर्छ । माछा खेती धेरै नै फाइदाजनक छ ।

नेपालमा माछाका लागि उपयुक्त हावापानी र सम्भावनाको क्षेत्र पहिलो तराई नै हो । समथर मैदान तथा गर्मी हावा पानीमा माछा चाँडो बढ्छ । त्यसकारण पनि तराईतिर बढी माछा उत्पादन हुन्छ । त्यसपछि चुरे पर्वत आसपासका खोच तथा फाँटमा पनि माछाखेती राम्रो हुन्छ । हामीले रामपुर क्याम्पससँग मिलेर चितवनमा माछापालनको परियोजना सञ्चालन गरी पछि नवलपरासी, लमजुङ र गोर्खाका केही गाउँमा पनि माछापालन फैलाएका थियौं । नेपालका उच्च पहाडी भेगतिर ट्राउट माछा उत्पादनको राम्रो सम्भावना छ । उदाहरणका लागि कास्की वा पोखरा नजिक र ककनीमा केही ट्राउट फार्म छन् । त्यस क्षेत्रमा पनि अहिलेको भन्दा धेरै गुणा बढी माछा उत्पादन गर्न सकिन्छ । नेपालका ट्राउट सिंगापुरतिरबाट पनि माग आएको भन्ने सुनेको छु । तर धेरै उत्पादन भइरहेको छैन । हाम्रै चिसो पानीमा हुने लोक माछा सहर, असला र गर्दी पनि पालन गर्न सके बजारको कुनै समस्या हुँदैन ।

चितवन, रूपन्देही, बारा, पर्सा, दाङ, कैलाली, रौतहट, सर्लाही, धनुषा र कास्कीलगायतका जिल्ला माछा उत्पादनका हिसाबले अग्रस्थानमा छन् । सरकारले केही जिल्लालाई सुपर जोन, केहीलाई जोन अनि पकेट एरियाका रूपमा अघि बढाएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमले यसलाई सहयोग गरेको छ । पछिल्लो समय पहाडी क्षेत्रका गाउँमा पनि किसानले अनुदान लिएर पोखरी बनाइ व्यावसायिकरूपमा माछापालन सुरु गरेका छन् । यहाँको उत्पादन स्थानीय तहमै खपत हुन्छ । नेपाल आफैंमा पनि बजारको राम्रो सम्भावना छ । खेर गइरहेको सानो जग्गामा पनि माछापालन हुन्छ । माछा उत्पादनका क्षेत्रमा थेरै थरी प्रविधिहरू छन्, तिनलाई भित्र्याउनु छ । थोरै लागतमा धेरै उत्पादन गर्ने प्रविधिको प्रयोग गरेर व्यावसायिक माछापालनमा लाग्नु बुद्धिमानी हुन्छ । हावापानीका हिसाबले काठमाडौं वरिपरि पनि माछा उत्पादनको निकै सम्भावना छ । तरकारीजस्तै प्लास्टिक टनेल बनाई पानी तातो पारी तरकारीसँगै माछाखेती गर्न सकिन्छ । तातो हावापानी र तामक्रमअनुसार माछाको उत्पादन निर्भर रहन्छ ।

नेपालमा करिब १३२ प्रजातिका माछा पाइन्छ भनिन्छ । तीमध्ये खेती गर्ने थोरै हुन्छन् । माछाको व्यावसायिक उत्पादनमा संलग्न हुनुअघि कुन माछाले कति उत्पादन दिन्छ । उसको आहारा के हो, के रोग लाग्न सक्छ, त्यसबाट कसरी सुरक्षित तुल्याउने भन्ने आधारभूत ज्ञान किसानलाई हुनुपर्छ । जग्गाको क्षेत्रफल र हावापानीअनुरूप थोरै क्षेत्रफलमा धेरै माछा उत्पादन गरी आम्दानी लिन सकिन्छ । नेपालमा चिसोपानी भएका सुनकोशी, अरुण, लिखु, तमोर, तामाकोशी, कमला, मरिण, बागमती, त्रिशूली, नारायणी, कर्णाली, बबई, भेरी, सेती महाकालीजस्ता नदीनालामा असला, सहर र गर्दीजातका माछा पाइन्छ, जुन धेरै मानिसका जिब्रोमा स्वाद झुण्डिएको हुन्छ । यी माछाहरू ढिलो बढ्छन्, कसरी प्रजनन र उत्पादन हुन्छ भनेर थाहा हुनुपर्छ । माछाखेतीलाई लामो समय लाग्यो भने खर्चिलो हुन्छ । त्यसैले चाँडो बढ्ने माछा चाहिन्छ । नेपालमा कमन, विगहेड, ग्रास, सिल्भर, रहु, नैनी, भाकुर, टिलापिया, पंगासजस्ता माछाको व्यावसायिक उत्पादन गरिँदै आएको छ, जुन छिटो बढ्छन् र किसानलाई फाइदा दिन्छ । अहिले हामीले केही क्षेत्रमा व्यावसायिक माछाखेती गरिए पनि त्यसको उत्पादन कम छ । आधुनिक प्रविधिको प्रयोग गरी हालको उत्पादनमा तीन गुणा बढाउन सकिन्छ, अनि बल्ल युवाहरू यस क्षेत्रमा आकर्षित हुन सक्छन् । स्वदेशमै बस्न चाहने युवालाई माछा व्यवसायले रोजगारी र आम्दानीका हिसाबले राम्रो विकल्प दिनसक्नुपर्छ ।

नेपालीले औसतमा चार किलोभन्दा कम वार्षिक प्रतिव्यक्ति माछा खाइरहेका छौं । संसारको औसतसम्म पुऱ्याउन हामीले पाँच गुणा बढाउनुपर्छ । माछा पाल्ने क्षेत्र बढाउन बाँझो जमिनमा पोखरी खन्नपऱ्यो । उत्पादकत्व बढाउन कार्प माछामा नयाँ-नयाँ प्रविधिको प्रयोग गर्नुपर्छ । चाँडो बढ्ने जातहरू जस्तो टिलापिया र पंगासको खेती गर्नुपर्छ । माछामा प्रोटिन, भिटामिन र अन्य पौष्टिक तत्त्वहरू प्रशस्त पाइन्छ । हप्तामा कम्तीमा दुई-तीन पटक माछा खाएपछि स्वस्थ होइन्छ ।

सरकारी तथ्यांकअनुसार नेपालमा बर्सेनि जम्माजम्मी एक लाख १३ हजार टन माछा उत्पादन हुन्छ । करिब १० हजार टन खासगरी पंगास र रहु भारतबाट आयात हुन्छ । केही माछा नर्वे, भियतनाम र अरु देशबाट पनि आयात गरिन्छ । संसारभर करिब ६०० जातका व्यावसायिक माछाका जात पाइन्छ । जमिनमा हुने कीरा फटयांग्राभन्दा पानीमा हुने माछालगायतका जीवजन्तु धेरै हुन्छन् । तराईका केही जिल्लाबाट माछा भारतमा पनि निर्यात हुन्छ, किनभने उत्तर प्रदेश र बिहारमा तेती माछाखेती छैन । त्यसकारण तराई क्षेत्रमा प्रशस्त माछा उत्पादन गर्नसके भारत निकासी गरेर किसानले मनग्य आम्दानी गर्न सक्छन् ।

जलवायु परिवर्तनको असरजस्तै खडेरीले खोलानाला र तलाउ सुक्यो, पानी कम भयो भने पक्कै पनि असर पर्छ । माछाका लागि बनाएको पोखरीबाट जलवायु परिवर्तनको असर कम गर्नमा मद्दत मिल्छ । पोखरीको वरपर बाख्रा, कुखुरा, सुँगुर, बंगुर, हाँस, खुकुरापालन तथा केराखेती, फलफूल, तरकारी र धान उब्जनी गरेर दोहोरो लाभ लिन सकिन्छ । माछामा खासगरी ब्याक्टेरिया र भाइरस तथा प्यारासाइट वा जुम्राजस्ता रोग लाग्छ जसले गर्दा माछा मर्न सक्छ । पोखरीमा धेरै माछा हालियो तर पानी कम भयो भने अक्सिजनको अभाव भएमा पनि माछा मर्न सक्छन् ।

माछाको खेती बढाउन सबै समुदायको भूमिका रहन्छ । बर्सात्को खहरेका पानी रोकेर राखेर पोखरी बनाउन सकिएमा माछापालनमा सहयोग पुग्छ । हाम्रा कोशी, कर्णाली, गण्डकीजस्ता सबै नदीमा माछा छन् । विद्युत्का लागि बाँध पूरै क्षेत्रमा बनाइएमा माछा खेल्ने र ओहोरदोहोर गर्ने बाटो बन्द हुनसक्छ । नदीनालाको कुनै माछा चिसो पानीमा बस्छन् अनि अण्डा पार्ने बेलामा समुद्रतर्फ जान्छन् । कोही समुद्रबाट फूल पार्न चिसो पानीमा आउँछन् । त्यस्तो ओहोरदोहोर हुन्छ । विद्युत् उत्पादनका लागि बनाइएका बाँधहरूले गर्दा त्यो रोकियो र अण्डा नै पार्न नपाएपछि माछा स्वतः घट्छ नै । नदीमा माछा घट्ने यो एउटा मुख्य कारण हो ।

सुरुमा १९८०/८१ मा नेपालले एसियाली विकास बैंकसँग ऋण लिएर माछापालनको व्यावसायिक उत्पादन कार्य सुरु गरिएको हो । 'केज कल्चर' भनेर पोखराको फेवा र बेगनास ताल तथा इन्द्रसरोवरमा सुरु गरियो । रूपन्देही, बारा, पर्सा चितवनको माडी क्षेत्रमा माछापालन गर्ने व्यावसायिक समूह छन् । नीति निर्माण काठमाडौंबाट हुने कार्यक्षेत्र भने तराई हुँदा पनि केही समस्या भएको छ । माछापालनका सफल उदाहरण प्रस्तुत गरी यसको विकासमा सामाजिक सञ्जालले पनि प्रोत्साहन गरेको छ ।

माछा मानिसको शरीरका लागि स्वास्थ्यकर तथा पोषणयुक्त खाना हो । यो सजिलैसँग पच्छ अनि सबै उमेर समूहलाई राम्रो गर्छ । अन्य मासुको तुलनामा चिकित्सकले पनि माछा खान सिफारिस गर्छन् । मानिसको शरीरलाई चाहिने धेरै पौष्टिकतत्त्व माछाबाट प्राप्त गर्न सकिन्छ । कति मानिसले नबुझेर माछा खाइरहेको छैन । काँडाको भय पनि उस्तै छ । खसीको मासु महँगो छ, कतिपय ठाउँमा खसीको मासु एक किलो किन्ने पैसाले माछा चार किलोसम्म आउँछ । खाद्यसुरक्षामा धेरै ठूलो माछाको योगदान छ । मानिस धान उत्पादनलाई जोड दिन्छ, तर त्यही खेतमा माछा उत्पादन गऱ्यो भने धेरै आम्दानी हुन्छ । अहिले मुलुकमा रहेको बाँझो जमिनमा माछाखेती गरिए युवा पलायन रोक्न र रोजगारी दिलाउन सकिन्छ । नेपालमा भात र आलु धेरै खाने गरिन्छ भने विदेशमा खासगरी थाइल्याण्ड, भियतनाम, जापान र कोरियामा माछालगायतका वस्तु धेरै खाने भात भने थोरै खाने चलन छ ।

चिकित्सकले कतिपय अवस्थामा रातो मासु खानु हुन्न भनिरहेको बेला आमनेपालीलाई माछा महत्त्वपूर्ण खुराक बन्न सक्छ । विश्वमै विस्तारै माछाप्रति आकर्षण बढेको छ । बाहिरबाट आयातीतभन्दा स्थानीयलाई जोड दिनुपर्छ । माछा व्यवसाय गर्ने युवालाई प्रविधिसम्बन्धी जानकारी र तालिम दिन र बजारको व्यवस्था गर्नुपर्छ । युवाहरूमा इच्छा हुनपऱ्यो । त्यसका लागि विशेषज्ञसँग परामर्श गर्नुपर्छ । जसबाट धेरै लाभ प्राप्त गर्न सकियोस् । व्यवसाय गर्नुअघि कार्यक्रम र योजना बनाउनुपर्छ । माछापालनका लागि सरकारले सहयोग र बैंकले सहुलियत कर्जा दिन्छ । किसानले त्यसको उचित सदुपयोग गर्नुपर्छ । माछापालन गरेर कयौं नेपाली पर्यटकका रूपमा विदेश भ्रमण गएका उदाहरण छन् । विदेशमा काम गरेर फर्केकाले पनि माछापालन गरेका छन् र यसप्रति आकर्षण छ । त्यसैले पछिल्लो समय माछा व्यवसाय नेपालमा फस्टाउँदो छ ।

*(डा. भुजेल थाइल्याण्डस्थित एसियन इन्स्टिच्युट अफ टेक्नोलोजीमा मत्स्य विषयका रिसर्च एसोसिएटेड प्रोफेसर तथा एक्वा सेन्टरका डाइरेक्टर हुन् । उनीसँग नेपालमा माछा व्यवसाय, रोजगारी र खाद्य सुरक्षालगायतका विषयमा केन्द्रित रही राससले गरेको कुराकानीमा आधारित)*

## पाठक मञ्च

# मन्दीको मारमा व्यवसायीदेखि देशको अर्थतन्त्र

अहिले देश पूरै मन्दीमा डुबेको छ । पछिल्लो समय राष्ट्रिय दैनिक पत्रपत्रिकादेखि साप्ताहिक पत्रिकासम्ममा बैंक तथा वित्तीय संस्थाको धितो लिलामसम्बन्धी सूचना देखिन्छन् । ऋणीले कर्जा नतिरेपछि उसको नाममा भएका घरजग्गा, गाडी, सेयर लिलाम गर्न बैंकले पत्रपत्रिकामा ३५ दिने सूचना निकाल्छ ।

हरेकजसो पत्रिकामा अहिले त्यस्ता लिलाम सूचना छापिएको हुन्छ । त्यो पनि एउटा बैंक, वित्तीय संस्थाको मात्र नभई पाँचदेखि दर्जनसम्मको । तर, बैंकले यसरी लिलाम गर्ने धितो पनि किन्ने कोही छैनन् । बैंकले उठाउनु छ करोड, धितो बेच्दा आउँछ ५० लाख ।

नेपाल राष्ट्र बैंक हप्तैपिच्छे बैंकबाट तरलता तान्छ । बैंकमा कर्जा माग्न जाने कोही छैन । अर्कोतर्फ, बैंकको ऋण नतिर्न नसकेर एक लाख २५ हजार कालोसूचीमा परिसकेका छन् । अब यो संख्या केही समयमै पाँच लाख पुग्ने बजारमा व्यापक चर्चा छ ।

गाडी किन्ने कोही छैनन् । अटो शोरुमहरूले छिमेकी मुलुक भारत र चीनबाट हजारौं नयाँ गाडी (दुई तथा चार पांग्रे) किनेर ल्याएका छन् । तर, बिक्री नभएपछि थन्क्याएर राखिएको अवस्था छ । त्यसो त पाँच वर्षअघि करोडौं भनिएका गाडी अहिले लाखौंमा नबिकेको परिस्थिति छ । घरजग्गा कारोबार पनि ठप्प छ । मालपोत कार्यालय सुनसान देखिन्छन् । दलाल, भूमाफिया, लेखनदासहरू निराश छन् । घरजग्गा कारोबार शूल्यबराबर भएपछि उनीहरूलाई घरखर्च धान्न मुस्किल परेको छ ।

सेयरमा लगानी गर्नेहरू पनि डुबिरहेका छन् । सेयर बैंक, वित्तीय संस्था वा जलविद्युत् कम्पनीहरूले प्रतिकित्ता १०० रूपैयाँमा निष्काशन गरेका हुन् । तर, दलालहरूले मूल्य बढाएर ३५ सयसम्म पुऱ्याए । त्यति चर्कोमा सेयर किन्नेहरू अहिले चुर्लुम्मै भएका छन् ।

व्यापारी तथा व्यवसायीहरू भन्छन्, 'मन्दी आयो, डुबियो ।' निजी संघसंस्था, होटल, रेस्टुरेन्ट, पसल, घरेलु काम गर्नेहरूले छ महिनादेखि वर्षौं भइसक्यो तलब नपाएको । मासिक पाँच हजारदेखि बढीमा १२ हजार रूपैयाँ तलबमा काम गरिरहेका उनीहरू त्यो तलब पनि नपाएपछि मारमा परेका छन् । काम छोडौं भने तलब पनि माया मार्नुपऱ्यो, काम गरौं भने तलबविना कसरी गर्नु, उनीहरू दोहोरो मारमा परेका छन् । महालेखापरीक्षकको कार्यालय भन्छ-सरकारको आम्दानीभन्दा खर्च धेरै भयो । सहकारी डुबे । लघुवित्त, फाइनान्स पनि डुबे । बैंकमा समस्या आइसकेको छ । बैंक, वित्तीय संस्थासँगै जलविद्युत् कम्पनीहरू पनि धमाधम डुब्दै छन् । तर, दलालीहरू अझै भ्रम सिर्जना गरेर जनता फसाउन लागिपरेका छन् । यस्तो अवस्थामासमेत उनीहरू सेयरको मूल्य बढाइरहेका छन् । र, सोझासाझा जनता डुबाइरहेका छन् ।

- रामचन्द्र श्रेष्ठ, बानेश्वर



**मतदाता नामावली दर्ता** | पश्चिम नवलपरासीको जिल्ला निर्वाचन कार्यालय परासीमा शुक्रबार फोटोसहितको मतदाता नामावली दर्ता गराउँदै सर्वसाधारण । *तस्बिरः रासस*

# विभिन्न जातजातिको संस्कृतिको अध्ययन केन्द्र 'तनहुँ संग्रहालय'

■ कृष्ण न्यौपाने

**दमौली (तनहुँ)**– तनहुँमा बसोबास गर्ने विभिन्न जातजातिका संस्कृति, रीतिरिवाज अध्ययन गर्ने केन्द्र बनाउन तनहुँ संग्रहालय स्थापना गरिएको छ । नेपाल क्षेत्री समाज तनहुँको सक्रियतामा व्यास नगरपालिका-१ करङकाठस्थित समाजको भवनमा तनहुँ संग्रहालय स्थापना गरिएको हो ।

संग्रहालयमा तनहुँमा रहेका जातजातिका पहिरन, उनीहरूले प्रयोग गर्ने सामग्री राखिने संग्रहालय संयोजक देवीबहादुर बस्नेतले जानकारी दिए । तनहुँमा प्रमुख १६ जाति रहेकाले संग्रहालयमा ती सबै जातजातिका सामग्री राखिने बस्नेतले बताए ।

उनले भने, 'यहाँ रहेका ब्राह्मण, क्षेत्री, दरै, कुमाल, बोटे, गुरुङ, राई, दुरा, दमै, कामी, सार्कीलगायतले प्रयोग गर्ने पहिरन, उनीहरूले प्रयोग गर्ने सामग्रीलगायत सबै सामग्री संग्रहालयमा राख्छौं । यो संग्रहालय नयाँ पुस्ताका लागि पाठशाला बन्ने छ । संग्रहालय विभिन्न जातजातिका धर्म, संस्कृति, रीतिरिवाज अध्ययनको बृहत् केन्द्र बन्ने विश्वास गरेका छौं ।'

संग्रहालयले विभिन्न जातजातिका रहनसहन, वेषभूषासँगै सम्पूर्ण दिनचर्याबारे जान्ने अवसर प्रदान गर्ने उनको भनाइ छ । बस्नेतका अनुसार जिल्लामा बसोबास गर्ने सबै जातजातिका समुदायमा पुगेर उनीहरूले प्रयोग गर्ने वस्तुहरू संकलन गरी संग्रहालयमा राखिने छ । उनले भने, 'सम्बन्धित जातजातिका समुदायमा पुगेर त्यस्ता सामग्री संकलन गर्छौं, सहयोगका लागि अपिल पनि गरेका छौं । नपाइने सामग्री भने खरिद गरिने छ ।'

संग्रहालय संस्कृति संरक्षणसँगै जिल्लाको पर्यटन प्रवर्द्धनका लागि पनि सहयोगी बस्नेतको विश्वास छ । उनका अनुसार संग्रहालयमा जिल्लाका ऐतिहासिक, पर्यटकीय गन्तव्यस्थलका बारेमा जानकारी दिने सामग्रीसमेत राखिएको छ । संग्रहालय स्थापनाका लागि गण्डकी प्रदेश सरकारले पाँच लाख रूपैयाँ बजेट सहयोग गरेको थियो । यस्तै नेपाल क्षेत्री समाज तनहुँले गत तिहारमा देउसीभैलो खेलेर चार लाख रूपैयाँ संकलन गरेको छ । संग्रहालयमा राष्ट्रिय विभूतिका शालिकसमेत राखिने बस्नेतले बताए ।

उनले भने, 'देशका लागि विशेष योगदान दिने व्यक्तिहरूको पनि शालिक बनाउँछौं ।' संग्रहालय स्थापनाका लागि बजेट आवश्यक पर्ने भएकाले संघ, प्रदेश र स्थानीय सरकारसँग सहयोगको अपिल गरिने बस्नेतले बताए । संग्रहालयका सहसंयोजक तिलक चौहानले स्थानीय सरकारले संग्रहालयमा ध्यान नदिएकाले क्षेत्री समाजको परिकल्पनामा संग्रहालय बनाउन लागिएको बताए । उनले भने, 'यो संग्रहालय तनहुँको मात्र नभई देशैभरिको संग्रहालयको केन्द्र बन्ने विश्वास गरेका छौं । संग्रहालय स्थापना भएको एक वर्ष पूरा भएको छ, तर यहाँ राखिने सामग्री संकलनको कामलाई अब तीव्रता दिन्छौं ।'

क्षेत्री समाज नेपाल तनहुँका सदस्य एवं संग्रहालयका सचिव रामचन्द्र अधिकारीले संग्रहालय स्थापनाका लागि सहयोग गर्न सबै जातजातिलाई आग्रह गरेका छन् । उनले भने, 'प्रत्येक टोल, गाउँ, वडासम्म पुगेर सामग्री संकलनको अभियानमा जुट्दै छौं ।'

नेपाल क्षेत्री समाज तनहुँका सचिव हरि कार्कीले समाजको सक्रियतामा संग्रहालय निर्माण गरिए पनि यसलाई सबै जातजातिको पहिचान झल्किने केन्द्र बनाइने उल्लेख गरे । उनले भने, 'संग्रहालयमा ऐतिहासिक, पुरातात्त्विक वस्तुको संरक्षण त हुन्छ नै संग्रहालय विद्यार्थीका लागि शैक्षिक अध्ययनको केन्द्र बन्ने छ ।' संग्रहालयसँगै यहाँ पुस्तकालयसमेत बनाइएको छ । पुस्तकालयमा विभिन्न लेखकले लेखेका पुस्तक राखिएको छ । ती पुस्तकले तनहुँका ऐतिहासिक, सांस्कृतिकस्थलका बारेमा अध्ययन गर्न सकिने छ । *रासस*

# कर्णालीको स्याउ 'ब्राण्डिङ' गर्दै प्रेमलाल



**राँझा (बाँके)**– नेपालगञ्जका फलफूल व्यवसायी प्रेमलाल साहु तेली कर्णालीको स्याउलाई पश्चिम नेपालको बजारमा स्थापित गर्न चार दशकदेखि अनवरतरूपमा लागिपरेका छन् ।

कर्णाली राजमार्ग सञ्चालनमा आउनुअघि कर्णालीको स्याउ तराईका सहरहरूमा पुऱ्याउनु ठूलो चुनौती थियो । प्रेमलालसँग वर्षौंअघि हवाईजहाजबाट नेपालगञ्जसम्म स्याउ ढुवानी गरेर बिक्री गरेको अनुभव छ ।

कमजोर ढुवानी व्यवस्थापनका कारण स्याउको गुणस्तर कायम राख्न मुस्किल थियो, तर पनि उनले कर्णालीको उत्पादनलाई बजारसम्म पुऱ्याउने आफ्नो प्रयास जारी राखे । 'पहिला बाटो नहुँदा हवाईजहाजबाट नेपालगञ्ज ल्याएर बिक्री वितरण गर्नुपर्थ्यो, हवाईजहाजबाट ल्याउँदा स्याउ थिचिने सड्ने जोखिम धेरै हुन्थ्यो,' उनी सम्झिन्छन् ।

कर्णाली राजमार्ग सञ्चालनमा आएपछि भने ढुवानीमा क्रान्तिकारी परिवर्तन आएको छ । अहिले जुम्लाबाटै ग्रेडिङ गरेर प्याकिङ भई स्याउ सीधै तराईका बजारहरूमा आइपुग्छ । 'अहिले जुम्लाबाटै ग्रेडिङ गरेर प्याकिङ भएर आउने हुँदा कर्णालीको स्याउ गुणस्तरीय छ, त्यसैले विदेशी स्याउलाई विस्थापित गर्न सकेको छ,' प्रेमलाल भन्छन् ।

विषादी प्रयोग नहुने र गुणस्तर पनि राम्रो हुन थालेपछि कर्णालीको स्याउको माग बढेको छ । नेपालगञ्जमा विगत चार दशकदेखि कर्णालीको स्याउको थोक बिक्री गर्दै आएका प्रेमलालको अनुभवमा अहिले पश्चिम नेपालको फलफूल बजारमा कर्णालीको स्याउको दबदबा छ । भारतीय स्याउको तुलनामा सस्तो र राम्रो भएकाले उपभोक्ताले यसलाई बढी रुचाएका छन् ।

सडक सञ्जालको सहजताले गर्दा अहिले सुर्खेत, नेपालगञ्ज, धनगढी, बुटवललगायतका सहरमा ग्राहक जुम्लाको स्याउ खोज्दै आउने गरेका छन् । हेर्दा आकर्षक र खाँदा स्वादिलो कर्णालीको स्याउ आमउपभोक्ताको रुचिमा परेको छ । अहिले नेपालगञ्ज, कोहलपुर, सुर्खेत, दाङ र बुटवलका चोकचोकमा कर्णालीको जुम्ली स्याउले बजार तानेको प्रेमलालको भनाइ छ ।

नेपालगञ्जमा कर्णालीको स्याउ थोक बिक्रेता रहेका प्रेमलालले यहाँबाट लुम्बिनी र सुदूरपश्चिम प्रदेशका सहरमा स्याउ बिक्री वितरण गर्छन् । कर्णालीको रेड डेलिसियस र गोल्डेन डेलिसियस जातको स्याउ बजारमा उपलब्ध छन् । नेपालगञ्जमा कर्णालीको स्याउको आयात बढ्दै गएको छ । यातायातको सीधा पहुँच भएसँगै कर्णालीको जुम्लालगायत जिल्लाबाट सुर्खेत र नेपालगञ्जमा स्याउ आउने गरेको छ ।

जुम्लाका फलफूल व्यवसायी र किसानमार्फत नेपालगञ्ज र सुर्खेतमा ल्याएर थोक फलफूल व्यापारीले मागअनुसार देशभर कर्णालीको स्याउ बिक्री गर्ने गरेको प्रेमलालले बताए । उनका अनुसार गत वर्ष नेपालगञ्जबाट मात्र करिब तीन हजार क्विन्टल कर्णालीको स्याउ बिक्री भएको थियो । यो वर्ष पाँच हजार क्विन्टल बिक्री हुने अनुमान छ ।

'अहिलेको उत्पादनले नेपाली बजारलाई तीन महिनालाई मात्र धानेको छ, सरकारले प्रोत्साहन गर्ने हो भने अहिलेको दोब्बर क्षेत्रफलमा स्याउखेती गरी उत्पादन पनि दोब्बर लिन सकिन्छ,' प्रेमलालले भने, 'उत्पादन बढाएर चिस्यान केन्द्रमा राख्ने हो भने नेपालको कूल स्याउ बजारको छ महिनालाई नेपाली उत्पादनले धान्ने सम्भावना र अवसर छ ।'

कर्णालीमा अहिलेसम्म किसान र केही व्यवसायीले आफ्नो हिसाबले स्याउखेती गरिरहेका छन् । टिपाइ, ग्रेडिङ, प्याकिङलगायतमा ध्यान दिनसके कर्णालीको स्याउ नेपालभर बिक्री गर्न सकिने व्यवसायी प्रेमलालको भनाइ छ । किसान र व्यवसायीको जोडबलमै कर्णालीको स्याउले बजार बनाएको उल्लेख गर्दै उनले सरकारले स्याउखेतीलाई प्राथमिकतामा राखेर प्रोत्साहनमूलक नीति र कार्यक्रम लागू गर्नुपर्नेमा जोड दिए । *रासस*

# दाङमा करिब एक हजार ७०० मतदाता थपिए

**तुलसीपुर (प्रस)**– दाङमा एक महिनामा एक हजार ७०० मतदाता थपिएका छन् । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनका लागि सुरु भएको नयाँ मतदाता नामावली दर्ता तथा अद्यावधिकमा सो संख्यामा नयाँ मतदाता थपिएका हुन् ।

गत असोज १२ गतेदेखि सुरु भएको मतदाता नामावली दर्ता तथा अद्यावधिकमा बिहीबारसम्म एक हजार ६८० जना नयाँ मतदाता थपिएका छन् । यो संख्या न्यून रहेको प्रदेश निर्वाचन कार्यालय दाङका सूचना अधिकारी गेहेन्द्र कुँवरले बताए । 'यो निकै न्यून संख्या हो, अहिले जिल्लाबाट मात्रै मतदाता नामावली दर्ताको काम भइरहेको छ,' उनले भने, 'त्यसले पनि दर्ता गर्ने कम भएका हुन सक्छन् ।' हालसम्म ५९४ महिला र १०८६ जना पुरुषले मतदाता नामावली दर्ता गरेको जनाउँदै उनले दर्ता गराउनेमध्ये अधिकांश १६ देखि २५ वर्ष उमेर समूहका रहेका बताए ।

यसअघि २०७९ सालमा भएको प्रतिनिधिसभा, प्रदेशसभा तथा स्थानीय तहको निर्वाचनको तयारीका बेला दैनिक कम्तीमा पनि ५०० भन्दा बढीले नामावली दर्ता गराउने गरेका स्मरण गर्दै कुँवरले यसपटक एक महिनामा दुई हजार पनि नपुगेको बताए । जिल्ला प्रशासनमा नागरिकता र राष्ट्रिय परिचयपत्र बनाउने भने घुइँचो लागेको उनको भनाइ छ ।


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
राष्ट्रिय ट्रमा सेन्टर
महांकाल काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८२/०७/०२३ गते)

यस अस्पतालको वोलपत्र नं. NTrC/G/NCB/01-082/83 वमोजिम रीतपूर्वक पेश भएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र न्यूनतम् मूयांकित सारभूतरूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशील:

| सि. नं. | बोलपत्र नं. | विवरण | छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना | मु.कर. सहित कबोल अंक |
|---|---|---|---|---|
| 1. | NTrC/G/NCB/01-082/83 | Supply and Delivery of Laundary Chemical | क्लिन टेक प्रा. लि. काठमाडौं | रू. १३,१४,९९२.३० |

प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट


# कञ्चनपुरमा मुक्त हलिया पुनर्स्थापनाको कार्य अलपत्र

**कञ्चनपुर (प्रस)**– कञ्चनपुरमा मुक्त हलियाको पुनर्स्थापनाको कार्य अझै टुंगोमा पुग्न सकेको छैन । स्थानीय तहलाई जिम्मेवारी हस्तान्तरण गरिएको सात वर्ष बित्नै लाग्दा पनि पुनर्स्थापनाको कार्यले गति लिन नसकेको हो ।

राष्ट्रिय मुक्त हलिया समाज कञ्चनपुरका अध्यक्ष सिवी लुहारले हलिया पुनर्स्थापना समस्या समाधान समिति रहँदा पुनर्स्थापनाको कार्य अगाडि बढेको भए पनि २०७६ सालमा सो जिम्मेवारी स्थानीय तहलाई हस्तान्तरण गरेपछि कार्य ठप्प भएको बताए ।

'स्थानीय तहले 'क' श्रेणीका १६१ जना मुक्त हलियालाई घर निर्माणसँगै जग्गा खरिद गरी पुनर्स्थापना गर्ने जिम्मेवारी पाएको थियो,' उनले भने, 'तर त्यसै समयमा कोरोना महामारीका कारण काम रोकियो, केन्द्रले पठाएको रकम पनि खर्च व्यवस्थापन गर्न नसक्दा फिर्ता भयो, त्यसपछि बजेट नै विनियोजन भएन ।'

> कञ्चनपुरमा एक हजार ९९१ जना मुक्त हलियाले परिचयपत्र प्राप्त गरेका छन् । जसमा 'क' श्रेणीका ३९४, 'ख' श्रेणीका ७९९, 'ग' श्रेणीका ६४ र 'घ' श्रेणीका ७३४ जना रहेका छन् ।

अध्यक्ष लुहारका अनुसार 'ख' र 'ग' श्रेणीका ७२३ जना मुक्त हलियाले पहिलो किस्ताबापतको रकम त पाए, तर दोस्रो किस्ता पाउन सकेका छैनन् । घर मर्मतका लागि रकम नपाउँदा धेरै हलिया परिवार अझै पनि असुरक्षित रूपमा झोपडीमै बस्न बाध्य छन् । 'मन्त्रालयबाट रकम पठाउने कार्य रोकिएपछि पुनर्स्थापनाको सम्पूर्ण प्रक्रिया अलपत्र परेको छ,' उनले भने, 'मुक्त हलिया अझै पनि कठिन जीवन बिताइरहेका छन् ।'

मुक्त हलिया अगुवा अन्तराम वडका अनुसार पुनर्स्थापना गरिएका एक हजार ८३० परिवारमध्ये केही रोजगारीको अभावका कारण बस्ती छाडेर भारततर्फ पलायन भएका छन् । 'कतिपयले घरमै ताला लगाएर भारत गएका छन् भने केही परिवारमा महिला, बालबालिका र वृद्धहरू मात्र बाँकी छन्,' उनले भने ।

हाल कञ्चनपुरमा एक हजार ९९१ जना मुक्त हलियाले परिचयपत्र प्राप्त गरेका छन् । जसमा 'क' श्रेणीका ३९४, 'ख' श्रेणीका ७९९, 'ग' श्रेणीका ६४ र 'घ' श्रेणीका ७३४ जना रहेका छन् । सुदूरपश्चिमका दार्चुला र बझाङ जिल्लामा मात्र पुनर्स्थापनाको कार्य पूरा भए पनि अन्य जिल्लामा भने यो प्रक्रिया अझै अधुरो रहेको मुक्त हलिया समाजले जनाएको छ ।


गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्तापूर्व)
गण्डकी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति: २०८२/०७/२३)

यस कार्यालयबाट मिति २०८२/०५/०२ मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको म्यादभित्र भ्द्यष्मम्ष्लन मार्फत प्राप्त हुन आएका बोलपत्रहरु मध्ये बोलपत्र मूल्याङ्कन समितिको निर्णयअनुसार तपशिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही ठहरिएकाले स्वीकृतिको आशयको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| बोल पत्र नं. | कामको विवरण | बोलपत्र दाताको विवरण | जम्मा कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| 03/GM/ NCB/ 2082-83 | Upgrading of different roads of ward 6,9,10,11,14,15 and 17 located in Gaindakot Municipality | B Construction, Bharatpur-10, Chitwan | रु. १,५४,६१,०३१/८९ |
| 04/GM/ NCB/ 2082-83 | Construction of Rigid Pavement Road at Bijaya Chowk Nagartandi of Gaindakot Municipality-14, Nawalpur (East) | Pabitra Builders and Suppliers, Kawasoti-3, Nawalparasi | रु. १६,५१,९४२/४९ |

प्रमुख प्रशासकीय अधिकृत




## रीता केसीको 'म हराएकी हुँ' सार्वजनिक

गायिका रीता केसीले 'म हराएकी हुँ त्यो सहरबाट' बोलको गजल गीत सार्वजनिक गरेकी छिन् । गीतमा गजलकार कपिल अन्जानको शब्द तथा राजेन्द्र बजगाईँको सङ्गीत रहेको छ । गजलमा स्वयम गायिका केसीले अभिनय गरेकी छिन् । सानै उमेर देखी साङ्गीतिक क्षेत्रमा रूचि राख्ने गायिका केसी देश विदेशका विभिन्न कार्यत्रक्रमहरूमा सहभागी भइसकेकी छिन् । सार्वजनिक गजलको छायांकन राम कुमार केसीले गरेका छन् भने टेकेन्द्र शाहले सम्पादन गरेका हुन् । गीत रीता केसी युट्युव च्यानलबाट बजारमा आएको हो ।





# सापकोटाले ल्याए 'ज्ञानिका'




■ प्रभाव संवाददाता

**काठमाडौं–** पत्रकार एवं लेखक ददि सापकोटाको सिर्जना कर्मनायकका सपना, संघर्ष र संरक्षणका कथासम्बन्धी विषयवस्तु समेटिएको 'ज्ञानिका' कृति लोकार्पण गरिएको छ ।

नेपाल प्रज्ञा प्रतिष्ठानको डबलीमा शनिबार आयोजित कार्यक्रमा पुस्तकमा समेटिएका विभिन्न शीर्षकका लेखकले सामूहिक रूपमा कृति विमोचन गरे । गैरआख्यान 'ज्ञानिका'मा नेपाली प्रकृति, संस्कृति, वन्यजन्तु संरक्षण र विज्ञानको क्षेत्रमा सिंगो जीवन अर्पण गरेका साहसी अनि कर्मशील व्यक्तित्वको कर्म र गाथा समेटिएको छ ।

पर्यटन क्षेत्रबाट पेसा सुरु गरेका सापकोटा वातावरण, प्रकृति र जीवजन्तुका विषयमा निरन्तर कलम चलाउँदै आएका छन् । नेपालका हिमनदी, हिमताल, अनकन्टार डाँडाकाँडा, गड्गडाउँदै बग्ने नदी, गैँडाको ढरढर र हात्तीको हुँकारसम्बन्धी विषयवस्तुको जानकारी पुस्तक अध्ययनबाट प्राप्त हुने लेखकको भनाइ छ ।

देशका प्रकृति, संस्कृति र वन्यजन्तु संरक्षणमा महत्त्वपूर्ण योगदान पुऱ्याउने २१ जना लेखकद्वारा लिखित नेपालका हिमनदी र बाढीको बदलिँदो अनुहार, अविश्वासिलो जीवसँग तीन दशक, पहाडदेखि मैदानसम्म, प्रकृतिको आश्चर्य, नेपाली जडीबुटी र आयुर्वेदको चमत्कार शीर्षकका लेख समावेश छन् ।

पुस्तकमा प्रण र वंश रक्षामा वनस्पतिको संघर्ष, विश्वलाई सामुदायिक वनको ढाँचा, सिकारमार्फत वन्यजन्तु संरक्षण र पर्यटनको अवसर, प्रदूषणमुक्त नेपालको बाटो, माटोको खान्की र स्वास्थ्य मानव, बाँदरसँग संवाद, उसैसँग प्रेम, वन्यजन्तु संरक्षण र पीडाको कथा, विश्वव्यापी पर्यटन दौडको मानचित्रमा नेपाल, शक्तिशाली नदी र चुनौतीपूर्ण भूभागमा प्रवासी माछा, सिकारीसँग लडाइँ, बाघसित भेटैभेट, आँखैअघि खतरा शीर्षकका लेख छन् ।

फाइनप्रिन्ट प्रालिले बजारमा ल्याएको ३८८ पृष्ठको उक्त पुस्तक सापकोटाको छैटौं कृतिको रु एक हजार १०० मूल्य निर्धारण गरिएको छ । यसअघि उनका पन्छी जगत्, त्यो नेपाल, दुखेको युरोप, वनको वैभव र जीवगाथा पुस्तक प्रकाशित छन् ।

# 'निर्मोही'लाई 'कन्हैया-अञ्जना संगीत' पुरस्कार

■ प्रभाव संवाददाता




**काठमाडौं–** गायक कमल विके 'निर्मोही'लाई यसवर्षको 'कन्हैया-अञ्जना राष्ट्रिय संगीत पुरस्कार-२०८२' द्वारा सम्मानित गरिएको छ ।

नेपाली गीतसंगीतमा उनले पुऱ्याएको दीर्घसाधना र उल्लेखनीय योगदानको कदर गर्दै काठमाडौंमा आयोजित विशेष समारोहमा रु ५१ हजार नगदसहित सम्मानपत्र र दोसल्लासहित उनलाई सम्मान गरिएको हो ।

गायक निर्मोही पछिल्ला वर्षहरूमा मिर्गौला रोगबाट पीडित रहँदा पनि निरन्तर सांगीतिक सिर्जनामा सक्रिय छन् । उनका 'बुलबुल तालैमा', 'आऊँ त भने', 'मैले भन्थें नि', 'सलल बग्ने', 'ताने झैं माया', 'अरू मैले', 'भेरी दोभान' र 'लाग्यो माया' जस्ता गीतहरू आज पनि श्रोतामाझ अत्यन्त लोकप्रिय छन् ।

चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डिसीले उनलाई सम्मान प्रदान गरे । पुरस्कारका संरक्षक गायक तथा संगीतकार कन्हैया सिंह परियारले पुरस्कारको मूल उद्देश्य नेपाली संगीतमा उल्लेखनीय योगदान पुऱ्याएका अग्रज स्रष्टा र कलाकारलाई जीवनकालमा सम्मान गर्ने रहेको बताए ।

चलचित्र विकास बोर्डका अध्यक्ष डिसीले 'कन्हैया-अञ्जना राष्ट्रिय संगीत पुरस्कार'ले गीतसंगीतमा आबद्ध कलाकारलाई दिइँदै आइएको नगद राशिसहितको पुरस्कार प्रेरणादायी रहेको भन्दै प्रशंसा गरे । यस्ता सम्मान कार्यक्रमले कलाकारहरूमा नयाँ उत्साह र सकारात्मक ऊर्जा थप्ने काम गर्ने बताउँदै उनले कलाकर्मीलाई निरन्तर सिर्जनशील रहन प्रेरणा दिने उल्लेख गरे ।

अध्यक्ष डिसीले यस्ता कार्यक्रम हरेक क्षेत्रमा निरन्तर आयोजना हुनुपर्ने आवश्यकता औंल्याए । उनले प्रवासमा रहेर पनि नेपाली गीतसंगीतको विकासका लागि योगदान दिएकामा पुरस्कार समितिका संरक्षक कन्हैया सिंह परियार र अञ्जना गुरुङलाई धन्यवाद प्रकट गरे ।

# चलचित्र 'प्रतिवैरम'को छायांकन सम्पन्न

**काठमाडौं (प्रस)–** निर्देशक रोशन दासको निर्देशनमा निर्माण भएको चलचित्र 'प्रतिवैरम' को सम्पूर्ण छायांकन सम्पन्न भएको छ । मधेस केन्द्रित सामाजिक र राजनीतिक विषयवस्तुमा आधारित यस चलचित्रको सम्पूर्ण छायांकन ४५ दिनमा पूरा गरिएको निर्माण पक्षले जानकारी दिएको छ ।

चलचित्रको पहिलो चरणको छायांकन १५ दिन सर्लाहीमा गरिएको थियो भने दोस्रो चरणको छायांकन ३० दिन सिराहामा सम्पन्न गरिएको हो । चलचित्रको छायांकन निर्देशक अफ फोटोग्राफी ज्याकले गरेका हुन् । छायांकन सफलतापूर्वक सम्पन्न भएको निर्माण टिमले जनाएको छ ।

हाल चलचित्र पोष्ट-प्रोडक्सनको कार्य सुरु भएको छ । चलचित्रमा सम्राट दास, वीरेन्द्र कुशवाहा, आलिशा बस्तोला, सुप्रज्ञा शर्मा, गीताश्री, अशिष डीके, प्रदीप ढकाल, नारायण बिके, बिके शाह, रामेश बुढाथोकी लगायत अन्य कलाकारहरूको दमदार अभिनय रहेको छ ।

चलचित्रमा सह-निर्देशकका रूपमा सन्तोष मल्ल, अग्नि सुवेदी, धिरज राउत र सृजना भुजेलले काम गरेका छन् । रेज इन्टरटेनमेन्टले निर्माण गरेको चलचित्रका प्रोडक्सन म्यानेजर कमल सुनार रहेका छन् भने लाइन प्रोडक्सनको जिम्मेवारी पंकज महतोले सम्हालेका छन् ।

निर्देशक दासका अनुसार मधेसका वास्तविक कथा, सौन्दर्य र समस्यालाई यथार्थ ढंगले प्रस्तुत गर्ने उद्देश्यले यो चलचित्र निर्माण गरिएको हो । चलचित्र मार्फत मधेसको वास्तविकता दर्शक सामु पुऱ्याउने योजना रहेको उनले बताए । चलचित्रको कथा निर्देशक दास स्वयंको रहेको छ भने पटकथा युवराज भट्टराईले लेखेका हुन् । निर्माण पक्षका अनुसार चलचित्र २०८३ प्रदर्शनमा ल्याउने तयारी भइरहेको छ ।

## रंगशाला

# भारतमाथि नेपालको जित
## आज युएईसँग खेल्ने




■ प्रभाव संवाददाता

**काठमाडौं–** हङकङमा जारी हङकङ इन्टरनेशनल सिक्सेस प्रतियोगिताअन्तर्गत नेपालले भारतलाई ९२ रनले पराजित गरेको छ । जारी प्रतियोगितामा यो नेपालको पहिलो जित हो ।

जितका लागि नेपालले दिएको १३८ रनको लक्ष्य पछ्याएको भारत तीन ओभरमा अलआउट हुँदै ४५ रनमा समेटियो । उसका लागि भरत चिप्ली र प्रियांक पञ्चालले १२/१२ रन बनाए भने रोविन उथप्पाले पाँच तथा दिनेश कार्तिक र सहबाज नदिमले समान सात/सात रन बनाए ।

नेपालका लागि रसिद खानले तीन विकेट लिए भने रूपेश सिंह र बसिर अहमदले समान दुई/दुई विकेट लिए । पहिले ब्याटिङ गरेको नेपालले निर्धारित छओभरमा कुनै पनि विकेट नगुमाइ १३७ रन बनाएको थियो । नेपालका लागि रसिद खानले ५५ रनको योगदान दिए भने सन्दीप जोराले ४७ र लोकश बमले ३१ रन बनाए ।

यसअघि भएको समूह चरणको खेलमा नेपाल दक्षिण अफ्रिकासँग चार विकेट र श्रीलङ्कासँग तीन विकेटले पराजित भएको थियो ।

श्रीलंकासँग टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित छ ओभरमा चार विकेट गुमाउँदै ८६ रन बनाएको थियो । नेपालका लागि ओपनरद्वय सन्दीप जोराले ३९ र लोकेश बमले अबिजित ३१ रन बनाए ।

श्रीलंकाका लागि थरिन्दु रत्नायकेले दुई विकेट लिए भने लाहिरू समरकुन र लहिरू मदुशन्काले समान एक-एक विकेट लिए । सतासी रनको लक्ष्य श्रीलंकाले ५.३ ओभरमा तीन विकेट गुमाउँदै पूरा गरेको थियो । उसका लागि धनञ्जय लक्षणले अविजित ३६ रन बनाए भने निमेश विमुखीले अविजित ३३ रन बनाए । नेपालको लागि रूपेश सिंहले दुई विकेट लिए भए भने लोकेश बमले एक विकेट लिए पनि नेपाललाई जित दिलाउन सकेनन् । साथै शुक्रबार भएको खेलमा नेपाल अफगानिस्तानसँग पराजित भएको थियो । नेपालले आज युएईसँग खेल्नेछ ।

# निगमको दौड प्रतियोगितामा पुरूषतर्फ भण्डारी र महिलातर्फ सापकोटा प्रथम

■ प्रभाव संवाददाता



**काठमाडौं–** दौडमार्फत स्वास्थ्य सचेतना फैलाउने उद्देश्यले नेपाल आयल निगमले आयोजना गरेको कर्मचारी, सञ्चारकर्मी र निजी क्षेत्रबीचको दौड प्रतियोगितामा पुरुषतर्फ प्रदीप भण्डारी र महिलातर्फ सुमना सापकोटा प्रथम भएका छन् ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा भएको प्रतियोगिताअन्तर्गत पुरुषतर्फ १० किलोमिटर दौड प्रतियोगितामा भण्डारीले ५३ मिनेट १० सेकेण्डमा उक्त दूरी पार गर्दै प्रथम भएका हुन् । प्रतियोगितामा दिगम्बर पन्त दोस्रो र मनोजकुमार दास तेस्रो भए । पन्तले ५४ मिनेट ४६ सेकेण्ड र दासले ५६ मिनेटमा निर्धारित दूरी पार गरे ।

यस्तै महिलातर्फ ५ किलोमिटर दौडमा प्रथम भएकी सापकोटाले ३२ मिनेट ९ सेकेण्डमा उक्त दूरी पार गरिन् । यस्तै शर्मिला कटुवाल दोस्रो र राजकुमारी राई तेस्रो भए । कटुवालले ३३ मिनेट ३९ सेकेण्डमा सो दूरी पार गर्दा राईले ३५ मिनेट ४९ सेकेण्ड लगाए ।

विजेता खेलाडीलाई निगमका कार्यकारी निर्देशक डा चण्डिकाप्रसाद भट्ट र अन्तर्राष्ट्रिय धावक बैकुण्ठ मानन्धरले मेडल प्रदान गरे । प्रतियोगितामा पुरुष र महिला समूहतर्फ प्रथम भएका भण्डारी र सापकोटालाई ५० ग्रामको चाँदीको सिक्का पुरस्कार प्रदान गरियो ।

त्यसअवसरमा निगमका कार्यकारी निर्देशक भट्टले शारीरिक तथा मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि शारीरिक अभ्यास अपरिहार्य रहेको जनाउँदै आगामी दिनमा यसखालका रचनात्मक कार्यक्रम गरिने प्रतिबद्धता व्यक्त गरे ।

अन्तरराष्ट्रिय धावक मानन्धरले नेपालले पछिल्लो समय खेल क्षेत्रमा आशालाग्दो प्रगति गरिरहेको उल्लेख गर्दै खेलकुदमा लगानी वृद्धि गर्नुपर्नेमा जोड दिए । राष्ट्रिय सञ्चार केन्द्रका अध्यक्ष पेशलकुमार आचार्यले प्रतियोगिताबाट सञ्चारकर्मी, निगमका कर्मचारी र निजी क्षेत्रबीचको सम्बन्ध सुमधुर बनेको बताए ।

निगमको सिनामङ्गलस्थित हवाई इन्धन डिपोको संयोजनमा भएको सो प्रतियोगितामा निगमका कर्मचारी, सञ्चारकर्मी र निजी क्षेत्र गरी करिब १३० जनाको सहभागिता थियो ।

## काभा यू-१९ महिला भलिबल

# उपाधिका लागि नेपाल र कीर्गिस्तान भिड्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल काभा यू-१९ महिला भलिबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

शनिबार भएको सेमिफाइनलमा माल्दिभ्सलाई ३-० को सोझो सेटमा हराउँदै नेपाल फाइनलमा पुगेको हो । नेपालले माल्दिभ्समाथि २५-११, २५-३ र २५-५ को एकपक्षीय जित निकालेको हो ।

नेपालले अब उपाधिका लागि कीर्गिस्तानसँग खेल्नेछ । कीर्गिस्तानले शनिबार भएको अर्को सेमिफाइनलमा श्रीलंकालाई ३-० कै सेटमा हराएर फाइनलमा पुगेको हो । समूह चरणमा श्रीलंकासँग हारेको बदला लिँदै कीर्गिस्तानले

नेपाल यसअघि लिग चरणमा कीर्गिस्तानसँग ३-२ को सेटमा पराजित भएको थियो । फाइनल खेल आइतबार हुँदैछ । नेपाल समूहचरणको पहिलो खेलमा कीर्गिस्तानसँग ३-२ सेटले पराजित भएको थियो ।



पाकिस्तानको राजधानी इस्लामाबादमा लोक मेला महोत्सवको क्रममा काठका हस्तकला निर्माण गर्दै एक कलाकार । *तस्बिरः सिन्ह्वा*

# अफगानिस्तान–पाकिस्तान शान्ति वार्ता पुनः असफल

**काबुल–** अफगानिस्तानको तालिबान सरकारले शनिबार पाकिस्तानसँग भएको पछिल्लो चरणको शान्ति वार्ता पुनः असफल भएको पुष्टि गर्दै इस्लामाबादको 'गैरजिम्मेवारपूर्ण र असहयोगी व्यवहार' लाई मुख्य कारण ठहर गरेको छ ।

काबुलले वार्ता असफल भएपछि दुवै देशबीच पुनः हिंसा भड्किने डर व्यक्त गरेको छ । दक्षिण एसियाली छिमेकी दुवै मुलुकबीच गत अक्टोबर १९ मा कतारमा युद्धविरामका लागि प्रारम्भिक सहमति भएको थियो । उक्त समझदारीलाई अन्तिम रूप दिन दुई देशका प्रतिनिधिहरूले बिहीबार टर्कीमा भेट गरेका थिए । तर लामो समयदेखि सुरक्षा विषयमा मात्र केन्द्रित रहँदै आएको वार्ताको ठोस विवरण दुवै पक्षले सार्वजनिक गरेका छैनन् ।

'वार्ताका क्रममा पाकिस्तानी प्रतिनिधिहरूले आफ्नो सुरक्षाको सम्पूर्ण जिम्मेवारी अफगानिस्तानमाथि थोपर्ने प्रयास गरेका थिए, तर न त आफ्नै सुरक्षा सुनिश्चित गर्न चाहेका थिए, न त अफगान सुरक्षाबारे कुनै स्पष्ट दृष्टिकोण दिएका थिए,' तालिबान सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदले सामाजिक सञ्जालमार्फत लेख्दै भने, 'पाकिस्तानी टोलीको गैरजिम्मेवार र असहयोगी मनोवृत्तिका कारण वार्ता कुनै परिणाममा पुग्न सकेन ।'

यसबारे पाकिस्तान सरकार न मध्यस्थकर्ताहरू दुवैले तुरुन्तै कुनै प्रतिक्रिया दिएका छन् । 'आतंकवाद दमनको जिम्मेवारी अफगानिस्तानकै हो, तर उनीहरू यसमा असफल भइरहेका छन्,' पाकिस्तानका सूचनामन्त्री अत्ताउल्ला तरारले भने वार्ता असफल हुने संकेत एक दिनअघि नै दिँदै भनेका थिए, 'पाकिस्तानले आफ्ना जनताको सुरक्षा र राष्ट्रिय सार्वभौमसत्ता जोगाउन आवश्यक सबै विकल्पहरू प्रयोग गर्न जारी राख्ने छ ।'

### माग र आरोपहरू

अफगानिस्तान र पाकिस्तानबीच हालका वर्षहरूमा दुई हजार ६०० किलोमिटर लामो साझा सीमामा बारम्बार हिंसात्मक झडपहरू हुँदै आएका छन् । पाकिस्तानले अफगानिस्तानमाथि आफ्ना भित्री क्षेत्रमा आक्रमण गर्ने आतंकवादी समूहहरूलाई आश्रय दिएको आरोप लगाउँदै आएको छ । उक्त आरोपलाई तालिबान सरकारले निरन्तर अस्वीकार गर्दै आएको छ ।

इस्लामाबादले विशेषगरी पाकिस्तानी तालिबान (तेहरिक-ए-तालिबान पाकिस्तान) नामक समूहलाई काबुलले समर्थन गरेको दाबी गर्दै आएको छ र यसमा रोक लगाउन औपचारिक ग्यारेण्टी माग्दै आएको छ । तर तालिबान सरकारले आफ्नो भूमिमा त्यस्ता समूहहरूको अस्तित्वलाई नकार्दै पाकिस्तानले आफैं अफगान सार्वभौमसत्तामा हस्तक्षेप गरेको आरोप लगाएको छ । गत महिनामामात्र दुवै देशबीचको सीमा क्षेत्रमा भएका घातक झडपमा ७० जनाभन्दा बढी व्यक्तिको मृत्यु र सयौं घाइते भएका थिए । यस्ता घटनाका कारण दुवै पक्षले फेरि युद्धविराम तोड्ने चेतावनी दिएका छन् ।

अफगानिस्तानको स्पिन बोल्डक क्षेत्रमा भएको पछिल्लो झडपपछि दुवै पक्षले एकअर्कालाई दोषारोपण गरेका छन् । जिल्ला अस्पतालका एक अधिकारीले एएफपीसँग कुरा गर्दै चार महिला र एक पुरुषसहित पाँच जनाको मृत्यु भएको पुष्टि गरेका छन् । तालिबानका प्रवक्ता मुजाहिदले भने, 'हामीले वार्ता टोलीप्रति सम्मान देखाएका छौं र नागरिकहरूको ज्यान बचाउन संयमता अपनाएका छौं ।' *रासस/एएफपी*





## पाकिस्तानमा अफगान नागरिकको पक्राउ तीव्र

**इस्लामाबाद (पाकिस्तान)–** संयुक्त राष्ट्रसंघीय शरणार्थी एजेन्सी (युएनएचसिआर) र आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठन (आइओएम) को संयुक्त प्रतिवेदनअनुसार पाकिस्तानमा पक्राउ परी हिरासतमा लिइएका अफगान नागरिकहरूको संख्या एकै हप्तामा १४६ प्रतिशतले बढेको छ ।

अघिल्लो हप्तामा सात हजार ७६४ अफगान नागरिकहरूलाई पक्राउ गरी हिरासतमा लिइएको जनाइएको छ जुन अघिल्लो हप्ताको तुलनामा उल्लेखनीय रूपमा ठूलो संख्या हो । अक्टोबर २६ देखि नोभेम्बर-१ को बीचमा पक्राउ परेका अफगान नागरिक मध्ये कार्ड (एसीसी) र कागजातविहीन अफगानहरू ७७ प्रतिशत थिए भने दर्ता प्रमाण (पिओआर) कार्ड भएका २३ प्रतिशत थिए ।

प्रतिवेदनले ८६ प्रतिशत पक्राउ र नजरबन्द बलुचिस्तानमा भएको उल्लेख गरेको छ । राष्ट्रव्यापी रूपमा सन् २०२५ जनवरी देखि नोभेम्बरको बीचमा चागी, अटक र क्वेटा जिल्लाहरू अधिकाशं अफगानहरूको पक्राउ गरिएको डनलाई उद्धृत गर्दै रिपोर्ट गरेको छ । तथ्यांकले अक्टोबरको अन्तिम हप्तामा फिर्ती र निर्वासनको दर पनि तीव्ररूपमा बढेको उल्लेख गरेको छ ।

सन् २०२३ सेप्टेम्बरदेखि सन् २०२५ नोभेम्बरसम्म, १६ लाख ६७ हजार ७१३ अफगानहरू अफगानिस्तान फर्केका जनाइएको छ । प्रतिवेदनले सन् २०२३ अप्रिल देखि ९३ प्रतिशत कागजातविहीन तथा एसीसी कार्ड भएका ३९ प्रतिशत अफगानहरू गिरफ्तारीको डरले स्वदेश फर्केको जनाइएको छ । गत जुलाईमा अधिकारीहरूले जुन ३० मा उनीहरूको कार्डको मिति समाप्त भएपछि उनीहरूलाई फिर्तीको आदेश दिँदै पाकिस्तान छोड्नका लागि सेप्टेम्बर १ सम्मको समयसीमा तय गरेका थिए । *रासस/एएनआई*

# थप 'आक्रामक कारबाही' गर्ने उत्तर कोरियाको चेतावनी

**सियोल–** पछिल्लो ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपणपछि अमेरिकालगायत दक्षिण कोरियाले आलोचना गरेपछि उत्तर कोरियाले शनिबार थप 'आक्रामक कारबाही' गर्ने चेतावनी दिएको छ ।

शुक्रबार गरिएको उक्त मिसाइल परीक्षण अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पूर्वी एसियाली भ्रमणको बीचमा भएको हो । राष्ट्रपति ट्रम्पले उत्तर कोरियाली नेता किम जोङ उनसँग भेट गर्ने इच्छा व्यक्त गरेको एक हप्तापछि प्योङयाङले यो कदम चालेको हो । यद्यपि, उत्तर कोरियाले उक्त प्रस्तावमा हालसम्म कुनै प्रतिक्रिया जनाएको छैन ।

प्योङयाङका रक्षामन्त्री नो क्वाङ चोलले वासिङ्टन 'उत्तर कोरियाको सुरक्षालाई गम्भीर जोखिममा पार्ने सैन्य गतिविधिमा निर्लज्ज रूपमा संलग्न भएको' आरोप लगाउँदै अमेरिकी र दक्षिण कोरियाली कदमहरूले 'जानाजानी क्षेत्रीय राजनीतिक र सैन्य तनावलाई बढाइरहेको' बताए ।

कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए) ले उनको भनाइ उद्धृत गर्दै लेखेको छ, 'हामी सत्रुहरूको निरन्तर खतराविरुद्ध अझ आक्रामक कारबाहीका कदमहरू देखाउने छौं ।' यसअघि, अमेरिकी रक्षामन्त्री पिट हेग्सेथ र उनका दक्षिण कोरियाली समकक्षले डिमिलिटाराइज्ड जोन (डिएमजेड) को संयुक्त भ्रमण गरेका थिए । त्यहाँ दुवै नेताले आफ्नो देशबीचको 'बलियो संयुक्त रक्षा प्रतिबद्धता र घनिष्ठ सहयोग' पुनः पुष्टि गरेका थिए ।

यसैबीच दक्षिण कोरियाली नौसेनाका अनुसार अमेरिकी आणविक-सञ्चालित विमानवाहक युएसएस जर्ज वासिङ्टन बुधबार बुसान बन्दरगाहमा रसद सहयोग र



चालकदलका सदस्यहरूको विश्रामका लागि पुगेको थियो । प्योङयाङका अधिकारीहरूले यस कदमलाई 'कोरियाली प्रायद्वीपमा तनाव थप बढाउने कार्य' भएको भन्दै आपत्ति जनाएका छन् ।

रक्षामन्त्री हेग्सेथको डिएमजेड भ्रमणसमेतलाई प्योङयाङले 'युद्ध उन्मादलाई प्रोत्साहन दिने कदम' का रूपमा लिएको छ । अमेरिकी इण्डो-प्यासिफिक कमाण्डले भने शुक्रबारको क्षेप्यास्त्र प्रक्षेपणबारे प्रतिक्रिया जनाउँदै प्योङयाङको कार्यले 'क्षेत्रीय स्थिरतामा गम्भीर असर पार्ने' उल्लेख गरेको छ । वक्तव्यमा भनिएको छ, 'संयुक्त राज्य अमेरिका आफ्ना सहयोगी र साझेदार राष्ट्रहरूसँग नजिकको परामर्शमा छ र सुरक्षा प्रतिबद्धता अटल छ ।'

दक्षिण कोरियाली सेनाले समेत प्योङयाङको पछिल्लो क्षेप्यास्त्र प्रक्षेपणको कडा निन्दा गर्दै 'दुई कोरियाबीचको तनाव बढाउने सबै कार्यहरू तुरुन्तै रोक्न' आग्रह गरेको छ । गत हप्तामात्रै राष्ट्रपति ट्रम्पले दक्षिण कोरियालाई आणविक पनडुब्बी निर्माण गर्ने योजनामा स्वीकृति प्रदान गरेको घोषणा गरेका थिए ।

विश्लेषकहरूका अनुसार यस्तो परियोजनाले दक्षिण कोरियाको नौसेना क्षमतामा ऐतिहासिक प्रगति ल्याउने छ र यसलाई आणविक जहाज भएका सीमित राष्ट्रहरूको सूचीमा पुर्‍याउने छ । तर उनीहरूका भनाइमा यो कदमले उत्तर कोरियाबाट कठोर र आक्रामक प्रतिक्रिया आउने सम्भावना पनि उस्तै रूपमा बढाएको छ । *रासस/एएफपी*


## कतारमा रोजगार

**कम्पनी** : AL DARJA AL OULIYA SERVICES AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ | LT. No. 333444 | चलानी नं. ६०,२४७०८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plumber | 2 | 0 | 1100 | ४२,७५८ | का.नि. अनुसार | ८ घण्टा | ६ दिन | का.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 1 | 0 | 2500 | ९७,१७७ | | | | | | | |
| 3 | Supervisor | 1 | 0 | 2500 | ९७,१७७ | | | | | | | |
| 4 | Admin Director/Manager | 1 | 0 | 5700 | २,२१,५६४ | | | | | | | |
| 5 | Decor Wood Worker/ Decorator | 2 | 0 | 1100 | ४२,७५८ | | | | | | | |
| 6 | Representative | 1 | 0 | 2200 | ८५,५१६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ कात्तिक २९ गते (15th Nov. 2025) मा हुनेछ ।
नोट : ३३३४४४ लट नम्बरको विज्ञापन मिति २०८२ कात्तिक २२ गते प्रकाशन हुनुपर्नेमा भुलवश छुट्न गएकोले आज मिति २०८२ कात्तिक २३ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ०८५/०५३/०५४

INTERNATIONAL TRADE LINKS RECRUITMENT PVT. LTD.
(The Centre Overseas Pvt. Ltd.(THE CENTER OVERSEAS CONCERN PVT.LTD))
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806


# रूसी आक्रमणले युक्रेनको ऊर्जा पूर्वाधार प्रभावित

**किएभ (युक्रेन)–** रूसी आक्रमणले युक्रेनको ऊर्जा पूर्वाधारमा प्रहार गर्दा एक जनाको मृत्यु हुनुका साथै ऊर्जा क्षेत्र प्रभावित हुँदा धेरै क्षेत्रहरूमा बिजुली कटौती गरिएको किएभका अधिकारीहरूले शनिबार बताएका छन् ।

पछिल्लो समयमा मस्कोले युक्रेनका ऊर्जा पूर्वाधार लक्षित आक्रमण बढाएकाले मुख्य इन्धन उत्पादन गर्ने प्राकृतिक ग्यास सुविधाहरूलाई क्षति पुर्‍याएको जनाइएको छ । विशेषज्ञहरूले युक्रेनमा जाडो महिनाअघि नै ऊर्जा जोखिम रहेको बताएका छन् । रूसले युक्रेनको ऊर्जा पूर्वाधारमा ठूलो आक्रमण गरेको कारण, युक्रेनका धेरै क्षेत्रहरूमा आपत्कालीन बिजुली कटौती गरिएको ऊर्जामन्त्री स्विटलाना ग्रिन्चुकले सामाजिक सञ्जालमार्फत जनाएका छन् । उनले ऊर्जा प्रणालीको अवस्था स्थिर भएपछि विद्युत् प्रवाह निरन्तर गर्नेसमेत बताएका छन् ।

उत्तरपूर्वी खार्किव र दक्षिणी ओडिसाका अधिकारीहरूले ऊर्जा सुविधाहरूमा ड्रोन आक्रमण गरेको रिपोर्ट गरेसँगै युक्रेनमा हवाई आक्रमणको चेतावनी जारी गरिएको थियो । आपत्कालीन सेवाका अनुसार पूर्वी सहर डिनिप्रोमा भएको ड्रोन आक्रमणले एउटा भवनमा क्षति पुग्दा एक महिलाको मृत्यु हुनुका साथै छ जना घाइते भएका छन् । राजधानी किभमा नागरिक र सैन्य अधिकारीहरूले मध्य पेचेर्स्की जिल्लाका दुई स्थानमा आक्रमणका कारण आगलागी भएको बताएका छन् । *रासस/एएफप*


## कम्पनीको नाम परिर्वतन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०७/२३ गते**

यस कम्पनीको मिति २०८२/०६/३१ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **ब्रदर्श बम्जन कन्स्ट्रक्सन (Brother Bamjan Construction)** (दर्ता नं. २८७७१३) को नाममा रहेको चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **ब्रदर्श बम्जन कन्सट्रक्सन प्रा.लि. (Brothers Bamjan Construction PVT.LTD )** ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराउँछौ ।



## Bagchaur Municipality
## Office of the Municipal Executive
### Bagchaur, Salyan

## Invitation for E-Bids

**Third Date of publication: 09 November, 2025**

Bagchaur Municipality invites electronic bids for the procurement of following work under National Competitive Bidding (NCB). Bid document may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. Bidders may obtain further information at the office of Bagchaur Municipality, Office of Municipal Executive, Bagchaur Salyan (Website:bagchaurmun.gov.np, Office Code NO.:801066002, Revenue Code:14229), may email on the email address( ito.bagchaurmun@gmail.com ), or may call on ( 9868576841) at the office time.

| S.N. | Contract no. | Description of work | Estimated Amount (Exclusive VAT) (NRs) | Bid Security Fee (NRs) | Bid Document. Fee (NRs) | Last date of Bid Submission | Bid Opening date |
|---|---|---|---|---|---|---|---|
| 1 | BM-SAL-GOODS-NCB-01-2082/83 | JADIBUTI, MASALA, TARKARI, PHALPHUL, ABUM JIBJANTU BYABASAYIK UPAYOG KAR. | 12,00,000 | **36,000** | 1,000 | 25-11-2025 12:00 PM | 25-11-2025 12:00 2:00 (PM) |

**Chief Administrative Officer**

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २३८४०० | प्रति तोला – ० | प्रति तोला – ३०२० |



भक्तपुरको मध्यपुर थिमी नगरपालिका-९ स्थित गाँखुमा बिक्रीका लागि बजार पठाउन प्याकिङ गर्नुअघि चाउमिन घाममा सुकाउँदै मजदुर ।
*तस्बिर: रासस*

राष्ट्रिय आर्थिक बहस-२.०

## ‘निजी क्षेत्रको मनोबल बढाउन विशेष पहल गर्नुपर्छ’

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजी क्षेत्रको मनोबल बढाउनका लागि सरकारले विशेष पहल लिनुपर्नेमा जोड दिएका छन् ।

महासंघले शनिबार आयोजना गरेको ‘राष्ट्रिय बृहत् आर्थिक बहस २.०’ कार्यक्रममा मुलुकको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८१ प्रतिशत रहेको उल्लेख गर्दै अध्यक्ष ढकालले राज्यले निजी क्षेत्रको योगदान आत्मसात् गर्दै आमसर्वसाधारणलाई पनि बुझाउने गरी मन्त्रिपरिषद्बाट सार्वजनिक महत्वको प्रस्ताव पारित गर्नु आवश्यक रहेको बताए ।

‘दिगो शान्ति, स्थायित्व र समृद्धिका लागि सबैको प्रयास अहिलेको समयमा आवश्यक छ । यसका लागि सबै राजनीतिक दल, युवा पुस्तालगायत सरोकारवालासँगको संवाद र सहकार्यमा समयमै निर्वाचन हुने वातावरणको सुनिश्चितता हो’, उनले भने, ‘सरकारले यसतर्फ प्रयास गरिरहेको पनि छ । हामी निजीक्षेत्र पनि सम्पूर्ण रूपमा शान्ति स्थायित्व र समृद्धिका लागि समयमै निर्वाचनको वातावरण बनाउन आग्रह गर्दछौं । यसमा निजीक्षेत्र सहयोग र सहकार्य गर्न तयार छ ।’

अध्यक्ष ढकालले अर्थमन्त्री रामेश्वर खनालले हालैको एक कार्यक्रममा निजीक्षेत्र भनेको फल दिने वृक्ष हो भनेको स्मरण गर्दै यसलाई थप मलजल गरी बढीभन्दा बढी फल दिनेगरी संरक्षण गर्न सकियो भने मात्रै मुलुकले अधिकतम लाभ लिनसक्ने र मुलुक समृद्ध बन्ने बताए ।

युवा पुस्ताको आन्दोलन र मागबमोजिम मुलुकमा भ्रष्टाचार न्यूनीकरण गरी सुशासन कायम गर्ने प्रयत्नमा सरकार लागेको समयमा निजीक्षेत्र पनि खरानी टक्टक्याउँदै जुर्मुराउन खोजिरहेको उनको भनाइ छ ।

महासंघले गरेको प्रारम्भिक सर्वेक्षणअनुसार गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा रु ४८ अर्बको भौतिक क्षति भएको र यसबाट निजी क्षेत्रको करिब रु ८८ अर्ब बराबार नोक्सानी भएका उनको भनाइ छ ।

उनले हरेक आन्दोलन वा प्रदर्शनमा निजी क्षेत्रमाथि प्रहार हुने गरेको भए पनि यसपटक विगतका आन्दोलनभन्दा यसपटक बढी आहत भएको उल्लेख गरे । ‘एउटा उद्यमीले जसोतसो जोहो गरेर, सरसापट गरेर, ऋण काडेर उद्यमीले लगानी गरेको हुन्छ, राजस्वमा योगदान पुऱ्याएको हुन्छ, रोजगारी सिर्जना गरेको हुन्छ । तर पनि आन्दोलनमा उद्यमी व्यवसायीका शयन कक्षसम्म लुटपाट भएको छ । व्यापार व्यवसायमा आगो लागेको छ । यो घटनाले सबैले आफैँले आफैँलाई फर्केर हेर्न पनि बाध्य पारेको छ । हामी पनि समीक्षा गर्दैछौँ हामी कहाँ चुक्यौँ । अनि समाज कहा चुक्यो’, उनले भने ।

उनले आन्दोलनका क्रममा आगजनी, तोडफोड तथा लुटपाट गर्नेमाथि कडाभन्दा कडा कारबाही नहुने हो भने दण्डहीनता मौलाउने उल्लेख गर्दै दोषीलाई कुनै पनि नाममा प्रश्रय दिन नहुनेमा जोड दिए । उनले नेपालमा केही पनि हुँदैन र नेपालको लगानीले केही पनि गर्न सकिँदैन भन्ने नकारात्मक भाष्य चिर्नका लागि महासंघको पहलमा नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्श र गैरआवासीय नेपाली संघ सदस्य एवं अन्य व्यवसायीको संलग्नतामा नेपाल डेभलपमेन्ट पब्लिक लिमिटेड (एनडिपी) कम्पनी स्थापना भएको पनि उल्लेख गरे ।

‘यस कम्पनीले मुलुकभर छरिएर रहेको आन्तरिक पुँजी संकलन गरी ठूला पूर्वाधारका परियोजनामा लगानी गर्नेछ । यसबाट लगानीकर्ताको विश्वास बढाउने र आन्तरिक पुँजीको परिचालनबाट पनि ठूला परियोजना गर्न सकिने सन्देश दिन सकिनेछ’, उनले भने ।

## बुटवलमा पहिलो पाँचतारे होटल सञ्चालनमा, चार अर्ब लगानी

■ दामोदर खनाल

**बुटवल–** पश्चिम नेपालको औद्योगिक एवं व्यापारिक केन्द्र बुटवलमा पहिलो पाँचतारे होटल ’हायात प्यालेस होटल’ सञ्चालनमा आएको छ । होटलको शनिबार होटलका सञ्चालकद्वय कमलकिशोर मालपानी र चुन्नप्रसाद पौडेलले शुभारम्भ गरे ।

बुटवल उपमहानगरपालिका वडा नम्बर ८ मा रहेको यो पाँचतारे होटलमा आधुनिक सुविधासम्पन्न १०९ वटा प्रिमियर रूम, क्यासिनो, स्वीमिङ पुललगायत रहेका छन् । करिब चार अर्ब रूपैयाँ लगानी रहेको यस हायात प्यालेसमा हाल करिब २५० जनाले प्रत्यक्ष रोजगारी पाएको



होटलका जनरल म्यानेजर राजेश खनालले जानकारी दिए । यसको सञ्चालन तथा व्यवस्थापनको जिम्मा होटल हायातले लिएको छ । केही दिनपछि यसको ‘ग्राण्ड ओपनिङ’ गर्ने कार्यक्रम रहेको पनि म्यानेजर खनालले बताए ।

बुटवल क्षेत्रकै पहिलो स्टार होटलको स्थापनाले यस क्षेत्रमा आउने पर्यटकलाई सुविधा मिल्नुका साथै यस क्षेत्रको पर्यटन र आर्थिक विकासमा ठूलो टेवा पुग्ने देखिन्छ । यस होटलको स्थापनाले यस क्षेत्रको आर्थिक र पर्यटन विकासमा थप टेवा पुग्ने आशा गरिएको छ ।

यस क्षेत्रका सफल व्यवसायी कमलकिशोर मालपानी, चुन्न पौडेललगायतको टिमले रूपन्देहीमा लाली, करेन्ट चाउचाउ, करेन्ट मसला, बुटवल हस्पिटल प्रालिलगायत क्षेत्रमा लगानी गर्दै आएका छन् । मुलुकको जटिल परिस्थितिमा यस्ता ठूला होटल सञ्चालनमा आउँदा यस क्षेत्रको रोजगारीमासमेत टेवा पुऱ्याउँदै अर्थतन्त्रलाई चलायमान गराउन मद्दत पुग्ने व्यवासयीहरूले बताएका छन् ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ